नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १६०

मितिः २०८२/०८/०७

नेपाल संवत् ११४६

विषयः खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन, २०७५ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखाको प.सं. २०८२/८३, च.नं. ३१ मिति २०८२/०८/०१ को खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन, २०७५ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

फोन नं ४२११६६५, ४२११६८७, ४२११९१५, ४२११९४०
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाडौं नेपाल ।

पत्र संख्या : ०८२/०८३
च.नं. ३१

मितिः२०८२/०८/०१

विषयः जानकारी सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा, नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न नेपाल सरकारले मिति २०७५/०६/०२ मा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन, २०७५ तथा मिति २०८१/०१/१० मा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० जारी गरेको व्यहोरा सबै स्थानीय तहलाई जानकरी गराई आवश्यक कार्यान्वयनको लागि पत्राचार गरिदिनुहुन सचिवस्तरको (मिति २०८२/०७/२५) निर्णयनुसार अनुरोध छ।

निर्मल रेग्मी
बरिष्ठ कृषि प्रसार अधिकृत

# खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०८१।०१।१०

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कुपोषण" भन्नाले सन्तुलित आहारको उपभोग नभएका कारण मानव शरीरमा आवश्यक पर्ने पोषकतत्त्वको न्यून वा अधिक उपस्थितिको अवस्था सम्झनु पर्छ।

(ग) "खाद्य सहायता" भन्नाले ऐनको दफा ७ बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा उपलब्ध गराइने खाद्य सहायता सम्झनु पर्छ।

(घ) "पोषण" भन्नाले शारीरिक तथा मानसिक रूपमा स्वस्थ र सक्रिय जीवनयापनका लागि आवश्यक पर्ने पोषकतत्त्व रहेको सन्तुलित आहारमा पहुँचको अवस्था सम्झनु पर्छ।

(ङ) "भोकमरी" भन्नाले कुनै व्यक्ति, परिवार वा समुदायले खाद्यमा पहुँच गुमाएको वा पोषणयुक्त खानेकुराबाट वञ्चित भएको कारण गम्भीर रूपमा कुपोषित भई जीवन जोखिममा परेको अवस्था सम्झनु पर्छ।

नेपाल कानून आयोग

## परिच्छेद-२

## भोकमरीको रोकथाम तथा नियन्त्रण

३. **भोकमरीको रोकथामः** (१) भोकमरीमा परेको वा भोकमरीको जोखिममा रहेको परिवार, समुदाय वा क्षेत्रको व्यक्ति वा त्यस सम्बन्धमा जानकारी पाउने जोसुकै व्यक्तिले त्यस्तो भोकमरीमा परेको वा भोकमरीको जोखिममा रहेको सूचना सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना वा अन्य कुनै माध्यमबाट प्राप्त जानकारीको आधारमा सम्बन्धित स्थानीय तहले बुझ्दा कुनै परिवार, समुदाय वा क्षेत्रको व्यक्ति भोकमरीमा परेको वा भोकमरीको जोखिममा रहेको अवस्था देखिएमा सम्बन्धित वडा कार्यालय मार्फत भोकमरीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा देहायको व्यवस्था गर्नु पर्नेछः-

(क) भोकमरी वा भोकमरीको जोखिममा रहेको व्यक्ति, परिवार वा समुदायलाई तत्काल खाद्य पदार्थ उपलब्ध गराउने,

(ख) भोकमरी वा भोकमरीको जोखिममा रहेको व्यक्ति, परिवार वा समुदायलाई नजिकको स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने, र

(ग) भोकमरी वा भोकमरीको जोखिमको अवस्था तथा सोबाट प्रभावित क्षेत्र र जनसङ्ख्या आँकलन गर्दा स्थानीय तहको स्रोत साधनबाट भोकमरी रोकथाम तथा नियन्त्रण गर्न सकिने अवस्था नभएमा सम्बन्धित प्रदेश सरकार वा नेपाल सरकारसँग थप स्रोत साधन माग गर्ने।

(३) ऐनको दफा ४ को खण्ड (क) बमोजिम भोकमरी वा भोकमरीको जोखिममा रहेको भनी पहिचान भएको व्यक्ति, परिवार, समुदाय वा क्षेत्रलाई लक्षित गरी सम्बन्धित स्थानीय तहले ऐनमा लेखिएका कामका अतिरिक्त देहायका काम गर्न सक्नेछः-

(क) भोकमरीका कारक तत्त्व पहिचान गरी जीविकोपार्जनका लक्षित कार्यक्रम सञ्चालन गर्ने,

(ख) स्थानीय उत्पादन, जनसङ्ख्याको आकार, रोजगारी तथा आयआर्जन र खपत हुने खाद्य पदार्थको प्रक्षेपणको आधारमा खाद्य पदार्थको आपूर्ति बढाउने तथा थप प्रभावकारी बनाउने,



नेपाल कानून आयोग

(ग) भोकमरी वा भोकमरीको जोखिमको अवस्थामा वितरण गर्नको लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट स्थानीय तहमा खाद्य पदार्थ सञ्चिति गर्ने, गराउने, र

(घ) भोकमरीको अवस्थामा परिचालन हुन सक्ने गरी आवश्यक स्वयंसेवक तथा सहयोगी संस्थाहरुको पहिचान, कार्यक्षेत्र विभाजन र कार्यटोलीको गठन सहितको पूर्वतयारी गर्ने।

## परिच्छेद -३

## लक्षित घर परिवारको पहिचान र खाद्य सहायता

४. **लक्षित घर परिवार पहिचानका आधार:** (१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम लक्षित घर परिवारको पहिचान गर्दा अनुसूची-१ बमोजिमका आधारमा गरिनेछ।

(२) उपनियम (१) बमोजिमका आधारमा मन्त्रालयले घरधुरी सर्वेक्षण फाराम तयार गरी सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।

(३) उपनियम (२) बमोजिमको घरधुरी सर्वेक्षण फाराममा प्रत्येक आधारमा घर परिवारको आर्थिक तथा खाद्य पदार्थमा पहुँचको अवस्था अनुसार मूल्याङ्कनको लागि अङ्क प्रदान गर्ने र निश्चित अङ्कभन्दा कम अङ्क प्राप्त गर्ने घर परिवारलाई लक्षित घर परिवारको रुपमा पहिचान गर्ने गरी व्यवस्था गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमका आधारको अतिरिक्त स्थानीय तहले खाद्य असुरक्षा मापन सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा विकास गरिएका घरधुरी खाद्य असुरक्षा मापन स्केल (हाउसहोल्ड फुड इन्सेक्युरिटि एक्सेस स्केल), एकीकृत खाद्य विविधीकरण अङ्क (इन्टिग्रेटेड डायटेरी डाइभरसिटि स्कोर) र एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (इन्टिग्रेटेड फुड सेक्युरिटि फेज क्लासिफिकेशन) विधि जस्ता कुनै एक वा एकभन्दा बढी विधिलाई समेत आधार लिई लक्षित घर परिवार पहिचान गर्न सक्नेछ।

५. **लक्षित घर परिवार पहिचान प्रक्रिया:** (१) नियम ४ बमोजिमको सर्वेक्षण फाराम बमोजिम स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत आफ्नो क्षेत्रका घरधुरीको सर्वेक्षण गरी विवरण सङ्कलन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सङ्कलन गरेको विवरणलाई सम्बन्धित वडा कार्यालयले आवश्यक जाँच तथा प्रशोधन गरी लक्षित घर परिवारमा पर्ने घर परिवारको सूची सहितको विवरण तयार गरी स्थानीय तहको कार्यपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त सिफारिसका सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले जाँचबुझ गर्नु पर्ने देखिएमा सो समेत गरी आफ्नो स्थानीय तहमा लक्षित घर परिवारको वडागत एकीकृत सूची तयार गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम तयार गरिएको सूचीमा पर्नु पर्ने घर परिवार त्यस्तो सूचीमा नपरेको वा सूचीमा पर्नु नपर्ने घर परिवार सो सूचीमा परेको भएमा दाबी विरोध गर्नका लागि कम्तीमा तिस दिनको अवधि दिई स्थानीय तहले सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रकाशित सूचनामा कसैको दाबी विरोध पर्न आएमा स्थानीय तहले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सूचीमा संशोधन गर्नु पर्ने भएमा संशोधन समेत गरी अन्तिम सूची प्रकाशन गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम अन्तिम सूची प्रकाशन गर्दा कुनै घर परिवार लक्षित घर परिवारको सूचीमा पर्ने वा नपर्ने भन्ने द्विविधा भएमा स्थानीय तहले त्यस्तो घर परिवारको सम्बन्धमा आवश्यकता अनुसार स्थलगत अनुगमन वा जाँचबुझ गरी आवश्यक निर्णय गर्न सक्नेछ।

६. <u>**लक्षित घर परिवारको अभिलेख:**</u> (१) नियम ५ को उपनियम (५) बमोजिमको अन्तिम सूचीमा नाम समावेश भएको घर परिवारलाई स्थानीय तहले लक्षित घरपरिवारको रुपमा अनुसूची-२ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(२) स्थानीय तहले नियम ५ बमोजिमको प्रक्रिया पूरा गरी उपनियम (१) बमोजिमको अभिलेखलाई प्रत्येक वर्ष अद्यावधिक गरी राख्नु पर्नेछ।

(३) ऐनको दफा ५ को उपदफा (६) बमोजिम नेपाल सरकारले विद्युतीय प्रणाली विकास गरी लागू गरेको अवस्थामा त्यस्तो प्रणालीमा समेत उपनियम (१) बमोजिमको अभिलेखको विवरण प्रविष्टि गराई राख्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको अभिलेख राख्ने प्रयोजनको लागि नेपाल सरकारले विकास गरेको विद्युतीय प्रणालीमा प्रदेशको कृषि विषय हेर्ने मन्त्रालय, प्रदेश खाद्य परिषद् र स्थानीय तहलाई पहुँच दिनु पर्नेछ।

(५) यस नियम बमोजिम राखिएको अभिलेखको जानकारी स्थानीय तहले त्यस्तो अभिलेख राखेको वा अद्यावधिक गरेको मितिले पन्ध्र दिनभित्र प्रदेशको कृषि विषय हेर्ने मन्त्रालय, प्रदेश खाद्य परिषद् र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम विद्युतीय प्रणालीमा अभिलेख प्रविष्टि गराइएकोमा स्थानीय तहले त्यस्तो जानकारी दिइरहनु पर्ने छैन।

७. **<u>खाद्य सहायता परिचयपत्रः</u>** (१) नियम ६ बमोजिम तयार गरिएको अभिलेखको आधारमा स्थानीय तहले ऐनको दफा ६ बमोजिम लक्षित घर परिवारलाई अनुसूची-३ बमोजिमको ढाँचामा खाद्य सहायता परिचयपत्र जारी गर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाद्य सहायता परिचयपत्रको मान्य अवधि एक वर्षको हुनेछ र खाद्य सहायता परिचयपत्र प्राप्त व्यक्तिले त्यस्तो परिचयपत्र प्रत्येक वर्ष सम्बन्धित स्थानीय तहबाट नवीकरण गराउनु पर्नेछ।

(३) ऐनको दफा ५ को उपदफा (३) बमोजिम खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको अभिलेखबाट हटाइएको अवस्थामा त्यस्तो घर परिवारको नाममा जारी भएको खाद्य सहायता परिचयपत्र सम्बन्धित स्थानीय तहले खारेज गर्नेछ।

(४) उपनियम (३) बमोजिम खाद्य सहायता परिचयपत्र खारेज गरेकोमा त्यसको जानकारी सम्बन्धित घर परिवारलाई खाद्य सहायता उपलब्ध गराइरहेको सुपथ मूल्य पसल वा नियम २७ बमोजिमको सार्वजनिक खाद्य वितरण केन्द्रलाई यथाशीघ्र दिनु पर्नेछ।

८. **<u>खास प्रकृतिका लक्षित घर परिवारको रुपमा सिफारिस गर्न सक्नेः</u>** (१) खाद्य सहायता परिचयपत्र प्राप्त लक्षित घर परिवारमध्ये देहायको कुनै अवस्थाका घर परिवारलाई सम्बन्धित स्थानीय तहले खास प्रकृतिका लक्षित घर परिवारको रुपमा सिफारिस गर्न सक्नेछः-

(क) खेतीको लागि परिवारका कुनै पनि सदस्यको नाममा जग्गा जमिन नभएको तथा रोजगारी वा श्रम गरी जीवनयापन गर्नको लागि समेत

श्रम गर्ने अवसर उपलब्ध नभएका कारण दैनिक जीवनयापनको लागि आधारभूत खाद्य पदार्थको व्यवस्था गर्न असमर्थ रहेको घर परिवार,

(ख) प्रचलित कानून बमोजिम बन्दाबन्दी (लकडाउन) को घोषणा भएको कारण दैनिक श्रम वा ज्याला मजदुरी गर्नबाट वञ्चित भई दैनिक जीवनयापनको लागि आधारभूत खाद्य पदार्थको व्यवस्था गर्न असमर्थ रहेको घर परिवार,

(ग) कुनै कारणबाट भोकमरीको अवस्थामा रहेको घर परिवार,

(घ) आफूले आफ्नो लागि केही पनि गर्न नसक्ने र आफ्नो भरण पोषणको लागि सहयोग गर्ने परिवारका अन्य सदस्य समेत नभएको अशक्त, असहाय, परित्यक्त वा अति गरिबीमा रहेको घर परिवार,

(ङ) परिवारका सबै सदस्य नाबालिग भएको कारण दैनिक जीवनयापनको लागि आवश्यक आधारभूत खाद्य पदार्थको व्यवस्था गर्न असमर्थ रहेको घर परिवार।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले आफ्नो क्षेत्रभित्र आपतकालीन अवस्था परेको कारण कुनै घर परिवारले दैनिक जीवनयापनको लागि आधारभूत खाद्य पदार्थको व्यवस्था गर्न असमर्थ भएमा त्यस्तो घर परिवारलाई समेत खास प्रकृतिको लक्षित घर परिवारको रुपमा सिफारिस गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) का अतिरिक्त कुनै क्षेत्र वा कुनै स्थानीय तहमा कुनै किसिमको विपद् उत्पन्न भई नेपाल सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा वा खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा समेत सम्बन्धित स्थानीय तहले त्यस्तो घर परिवारलाई समेत खास प्रकृतिको लक्षित घर परिवारको रुपमा सिफारिस गर्न सक्नेछ।

(४) स्थानीय तहले यस नियम बमोजिम कुनै घर परिवारलाई खास प्रकृतिको लक्षित घर परिवारको रुपमा सिफारिस गर्दा बढीमा एक आर्थिक वर्षको लागि मान्य हुने गरी सिफारिस गर्न सक्नेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा खास प्रकृतिको लक्षित घर परिवारको मान्य अवधि एक वर्षमा नबढ्ने गरी देहाय बमोजिम हुन सक्नेछ:-

(क) उपनियम (१) को खण्ड (ख) बमोजिमको अवस्थामा बन्दाबन्दी (लकडाउन) को घोषणा भएको अवधिभरको लागि,

(ख) उपनियम (१) को खण्ड (ग) बमोजिम भोकमरीको अवस्था कायम रहेको अवधिभरको लागि,

(ग) उपनियम (२) बमोजिमको अवस्थामा आपतकालीन अवस्था सामान्य नभएसम्मको अवधिको लागि, र

(घ) उपनियम (३) बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र वा खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा त्यस्तो अवस्था कायम रहेको अवधिभरको लागि।

(६) स्थानीय तहले यस नियम बमोजिम खास प्रकृतिको लक्षित घर परिवारको रुपमा सिफारिस गरिएको घर परिवारको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो विवरण नेपाल सरकारले विकास गरेको विद्युतीय प्रणालीमा समेत सिफारिसको मान्य अवधि समेत खुल्ने गरी राख्नु पर्नेछ।

९. **खाद्य सहायता उपलब्ध गराउनेः** (१) खास प्रकृतिको लक्षित घर परिवारको रुपमा सिफारिस भएको घर परिवारलाई त्यसरी सिफारिस भएको अवधिभरको लागि नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा स्थानीय तहले निःशुल्क रुपमा खाद्य सहायता उपलब्ध गराउनेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा स्थानीय तहले खाद्य सहायता परिचयपत्र प्राप्त गरेको लक्षित घर परिवारलाई दोहोरो नपर्ने गरी खाद्य सहायता उपलब्ध गराउनेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको खाद्य सहायता उपलब्ध गराउँदा खाद्य सहायता बापत खाद्य पदार्थ वा त्यस्तो खाद्य पदार्थ बराबरको रकम नगदै उपलब्ध गराउन सकिनेछ।

तर सहज रुपमा खाद्य पदार्थ उपलब्ध नहुने दुर्गम क्षेत्रको लागि खाद्य सहायताको रुपमा खाद्य पदार्थ नै उपलब्ध गराउनु पर्नेछ। यसरी खाद्य सहायता उपलब्ध गराउँदा स्थानीय उत्पादनलाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपनियम (३) को प्रयोजनको लागि निःशुल्क वा सहुलियत मूल्यमा उपलब्ध गराइने खाद्य पदार्थको रकममा हिसाब गर्दा न्यूनतम समर्थन मूल्य निर्धारण भएको खाद्य

पदार्थको हकमा निर्धारित समर्थन मूल्य र अन्यको हकमा प्रचलित बजार मूल्यको आधारमा हिसाब गरिनेछ।

(५) यस नियम बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा उपलब्ध गराइने खाद्य सहायताको लागि स्थानीय तहको स्रोतबाट रकम अपुग हुने भएमा अपुग हुने रकम नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउनेछ।

(६) ऐनको दफा ९ को उपदफा (३) बमोजिम आपतकालीन खाद्य सहायता तथा पोषण सहायता उपलब्ध गराउने कार्यको संयोजन स्थानीय खाद्य समन्वय समितिले गर्नेछ।

१०. **खाद्य सहायताको स्वरुप र परिमाण:** (१) ऐन तथा यस नियमावली बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा उपलब्ध गराइने खाद्य सहायताको स्वरुप र परिमाण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम खाद्य सहायताको स्वरुप र परिमाण निर्धारण गर्दा निःशुल्क र सहुलियत मूल्यको खाद्य सहायताको लागि फरक फरक हुने गरी निर्धारण गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम खाद्य सहायताको स्वरुप र परिमाण निर्धारण गर्दा व्यक्ति, घर परिवारको सङ्ख्या तथा खाद्य सहायता वितरणको आर्थिक पक्ष समेतको विश्लेषण गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम खाद्य सहायताको स्वरुप र परिमाण निर्धारण गर्दा स्थानीय आवश्यकता अनुसार फरक फरक गरी निर्धारण गर्न सकिनेछ।

११. **खाद्यको न्यूनतम गुणस्तर:** (१) ऐन तथा यस नियमावली बमोजिम खाद्य सहायता उपलब्ध गराउँदा अनुसूची-४ मा उल्लेख भए बमोजिमको पोषकतत्त्वको मापदण्डलाई आधार बनाई वितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको पोषकतत्त्वको मात्राको विषयमा स्थानीय रुपमा उत्पादन हुने खाद्य पदार्थलाई समेत समावेश गरी मन्त्रालयले समय समयमा जानकारीमूलक सामग्री तयार गरी प्रचारप्रसार गर्न वा गराउन सक्नेछ।

(३) ऐन तथा यस नियमावली बमोजिम निःशुल्क तथा सहुलियत मूल्यमा वितरण गरिने खाद्य पदार्थको न्यूनतम गुणस्तर खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१२. **खाद्य सङ्कटग्रस्त क्षेत्रमा खाद्य तथा पोषण सुरक्षा:** (१) खाद्य सङ्कटग्रस्त क्षेत्रमा रहेको व्यक्ति, परिवार वा समुदायलाई खाद्य सङ्कटको अवस्थाको सम्बोधनका लागि नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा देहाय बमोजिम खाद्य तथा पोषण सुरक्षाको प्रबन्ध गर्नेछः-

(क) खाद्य पदार्थको आपूर्ति तथा वितरणमा प्रतिकूल असर पर्न सक्ने कुनै काम, कारबाही हुन नदिने,

(ख) खाद्य सङ्कटको अवस्थालाई तत्काल सम्बोधन गर्न आवश्यक पर्ने खाद्य पदार्थको प्राप्ति तथा सहज आपूर्तिको व्यवस्था मिलाउने,

(ग) कालोबजारी हुन नदिन बजार तथा आपूर्ति व्यवस्थाको अनुगमन गर्ने,

(घ) गैरसरकारी तथा अन्य क्षेत्रबाट प्राप्त गरिने खाद्य पदार्थको गुणस्तर परीक्षण र खाद्य सहायता वितरणको व्यवस्थापन गर्ने,

(ङ) प्रभावित व्यक्ति, परिवार वा समुदायको जीविकोपार्जनका आधारलाई पुनर्स्थापना गर्ने,

(च) खाद्य सङ्कटको अवस्था सम्बोधन गर्न आवश्यक देखिएका अन्य कार्य गर्ने।

(२) खाद्य सङ्कटग्रस्त क्षेत्रमा खाद्य तथा पोषण सुरक्षाको प्रबन्ध गर्दा गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, बालबालिका, अशक्त तथा बिरामी भएको व्यक्तिको आवश्यकतालाई प्राथमिकता दिनु पर्नेछ।

१३. **स्थानीय उत्पादनलाई प्राथमिकता दिने:** (१) प्रत्येक स्थानीय तहले खाद्य तथा पोषणको प्रबन्ध गर्ने प्रयोजनको लागि स्थानीयस्तरमा उत्पादित स्थानीय उपभोगभन्दा बढी हुने खाद्य पदार्थ उत्पादनकर्ताबाट खरिद गरी सञ्चित गर्न सक्नेछ।

(२) ऐन तथा यस नियमावली बमोजिम खाद्य सहायता उपलब्ध गराउँदा उपनियम (१) बमोजिम स्थानीय रुपमा सञ्चित गरिएको खाद्य पदार्थलाई प्राथमिकता दिनु पर्नेछ।

१४. **परम्परागत खाद्य तथा पोषणको प्रबन्ध:** (१) स्थानीय तहले मन्त्रालय तथा प्रदेश सरकारको समेत सहयोग र समन्वयमा आफ्नो स्थानीय तहमा उत्पादन हुने परम्परागत खाद्य पदार्थ

नेपाल कानून आयोग

तथा खाद्य उपयोगको परम्परागत ज्ञानको बारेमा खोज तथा अनुसन्धान गरी गराई त्यसको संरक्षण तथा प्रवर्द्धन गर्न, त्यस्ता खाद्य पदार्थमा पाइने पोषणतत्त्वको बारेमा जानकारी दिन र पोषणतत्त्व नष्ट नहुने गरी खाद्य उपभोग प्रणालीको विकासको लागि आवश्यक प्रवर्द्धनात्मक काम गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको खोज तथा अनुसन्धानको लागि स्थानीय तहले सम्बन्धित विज्ञ, अनुसन्धान गर्ने निकाय वा विश्वविद्यालय समेतसँग सहयोग लिन सक्नेछ।

## परिच्छेद -४

## खाद्य सम्प्रभुताको प्रवर्द्धन

१५. **न्यूनतम समर्थन मूल्य तोक्नेः** (१) नेपाल सरकारले सम्बन्धित बालीको फसल तयार हुनुभन्दा कम्तीमा दुई महिना अगावै लामो समयसम्म सञ्चय गर्न सकिने धान, गहुँ, मकै, कोदो, मसुरो तथा यस्तै अन्य बालीको नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यूनतम समर्थन मूल्य तोक्नेछ।

(२) उपनियम (१) बमोजिमको न्यूनतम समर्थन मूल्य निर्धारण नभएको आफ्नो क्षेत्रमा उत्पादन हुने बालीको सम्बन्धित स्थानीय तहले न्यूनतम समर्थन मूल्य तोक्न सक्नेछ।

१६. **किसानको पहिचान र वर्गीकरणः** (१) ऐन तथा यस नियमावली बमोजिम किसानको परिचयपत्र लिन चाहने किसानले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिन सक्नेछ। एकभन्दा बढी स्थानीय तहमा कृषि कार्य गरेको किसानको हकमा निजले रोजेको कुनै एक स्थानीय तहको वडा कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) किसान परिचयपत्र प्राप्त गर्न चाहने किसानले सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्न आह्वान गरी यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र मन्त्रालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम निवेदन दिंदा देहायको विवरण तथा कागजात संलग्न गरी मन्त्रालयले निर्धारण गरे बमोजिमको ढाँचामा दिनु पर्नेछः-

(क) निवेदकको खेतीयोग्य जग्गा तथा खेती गरिरहेको जग्गाको क्षेत्रफल,

(ख) निवेदकले खेती गरिरहेको जग्गा आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको भए सोको कागजात तथा अरुको जग्गा भाडा वा लिजमा लिएको भए तत् सम्बन्धी विवरण तथा कागजात,

(ग) पशुपालन वा मत्स्यपालन गरेको भएमा पालन गरेका पशुको प्रकार र एकाइ (युनिट) तथा मत्स्यपालन गरेको क्षेत्रफल, र

(घ) वार्षिक रुपमा हुने उत्पादन तथा अनुमानित आयको विवरण।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन तथा कागजात उपर स्थानीय तहको सम्बन्धित वडा कार्यालयले जाँचबुझ गर्दा निवेदकलाई ऐन तथा यस नियमावली बमोजिम किसान परिचयपत्र दिन मिल्ने देखिएमा त्यस्तो परिचयपत्र प्रदान गर्नको लागि त्यस्तो निवेदन तथा कागजात सहित स्थानीय तहको कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम सिफारिससाथ प्राप्त निवेदन तथा कागजातका सम्बन्धमा स्थानीय तहको कार्यपालिकाले थप जाँचबुझ गर्नु पर्ने देखिएमा सो समेत गरी निवेदकलाई ऐन तथा यस नियमावली बमोजिम किसानको पहिचान र वर्गीकरणको लागि कार्यपालिकाको सिफारिस सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम स्थानीय तहबाट प्राप्त विवरण तथा सिफारिसको आधारमा मन्त्रालयले निवेदकलाई अनुसूची-५ बमोजिमको आधारमा किसानको पहिचान गरी वर्गीकरण गर्नेछ। त्यसरी पहिचान र वर्गीकरण गरेको विवरण सहितको जानकारी मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम वर्गीकरण गरिएको किसानलाई जुन स्थानीय तहमा कृषि पेशा वा व्यवसायमा संलग्न रहेको छ सोही स्थानीय तहले अनुसूची-६ बमोजिमको ढाँचामा किसान परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

(८) किसान परिचयपत्रको अवधि तीन वर्षको हुनेछ र सम्बन्धित स्थानीय तहबाट त्यस्तो परिचयपत्र प्रत्येक तीन वर्षमा नवीकरण गराउनु पर्नेछ।

(९) किसान परिचयपत्र प्राप्त किसानको वर्गीकरणमा परिवर्तन गर्नु पर्ने अवस्था भएमा सोको आधार तथा कारण र प्राप्त किसान परिचयपत्र समेत संलग्न गरी यस नियमावली बमोजिम वडा कार्यालयमा निवेदन दिन सकिनेछ।

(१०) उपनियम (९) बमोजिम परेको निवेदन उपर उपनियम (४), (५) र (६) बमोजिमको प्रक्रियाका आधारमा निवेदकको किसान परिचयपत्रको वर्गीकरण परिवर्तन गरी यस नियम बमोजिम किसान परिचयपत्र उपलब्ध गराइनेछ।

(११) यस नियम बमोजिम परिचयपत्र प्राप्त गरेको किसानले कुनै कारणबाट कृषि पेशा छाडेमा आफूले प्राप्त गरेको किसान परिचयपत्र सम्बन्धित स्थानीय तहमा फिर्ता गर्नु पर्नेछ।

१७. **सहुलियत, छुट, सुविधा तथा अनुदानः** (१) नियम १६ बमोजिमको परिचयपत्र प्राप्त किसानलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट दोहोरो नपर्ने गरी कृषि उत्पादन, पूर्वाधार निर्माण, मल, बिउ, उपकरण जस्ता उत्पादन सामग्री वा बिमा प्रिमियममा सहुलियत, छुट, सुविधा तथा अनुदान उपलब्ध गराइनेछ।

(२) उपनियम (१) बमोजिम सहुलियत, छुट, सुविधा तथा अनुदान उपलब्ध गराउँदा भूमिहीन, सीमान्तकृत, निर्वाहमुखी दलित, लोपोन्मुख आदिवासी तथा महिला किसानलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(३) यस नियम बमोजिम सहुलियत, छुट, सुविधा तथा अनुदान उपलब्ध गराउँदा सम्बन्धित किसानको आवश्यकता, स्रोतको उपलब्धता र राष्ट्रिय खाद्य योजनाले तोकेका विषयलाई विचार गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको अनुदान उपलब्ध गराउने प्रक्रियालाई सरल, सहज र किसानमैत्री बनाउन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले देहायका कार्य गर्नेछन्:-

(क) सहुलियत, छुट, सुविधा तथा अनुदानलाई उत्पादनमा आधारित, वस्तुपरक र योगदानमा आधारित बनाउने तथा सरोकारवालासँगको परामर्शमा अनुदान प्रणालीलाई व्यवस्थित गर्ने,

(ख) सहुलियत, छुट, सुविधा तथा अनुदान रकमको दुरूपयोग गर्ने, झुट्टा विवरण तयार गरी अनुदान लिने दिने व्यक्ति वा संस्थाको अभिलेख राख्ने र भविष्यमा त्यस्ता व्यक्ति वा संस्थालाई सेवा, सुविधा, अनुदानबाट वञ्चित गर्ने,

(ग) सहुलियत, छुट, सुविधा तथा अनुदानको दुरूपयोग गरेको पाइएमा त्यस्तो छुट, सुविधा तथा अनुदानको रकम सोधभर्ना गराउने,

(घ) सहुलियत, छुट, सुविधा तथा अनुदानका सर्त पालना गरे वा नगरेको नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्ने।

(५) यस नियम बमोजिम दिइने सहुलियत, छुट, सुविधा तथा अनुदानको प्रकृति तथा प्रतिशत त्यस्तो सहुलियत, छुट, सुविधा तथा अनुदान दिने नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले वार्षिक रुपमा विनियोजित बजेटको आधारमा निर्धारण गरे बमोजिम हुनेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफू वा आफ्नो परिवारको सदस्य कृषि पेशामा संलग्न नभई अरु कसैलाई भाडा, अधियाँ, बटैया वा ठेक्कामा दिने व्यक्तिलाई यस नियम बमोजिमको सहुलियत, छुट, सुविधा तथा अनुदान प्रदान गरिने छैन।

१८. **<u>लक्षित कृषि विकास कार्यक्रम:</u>** (१) ऐनको दफा १८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले दलित, लोपोन्मुख, आदिवासी किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लागि देहाय बमोजिमका लक्षित कृषि विकास कार्यक्रम लागू गर्नेछन:-

(क) युवा स्वरोजगार, आय आर्जन सम्बन्धी कार्यक्रम,

(ख) स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम,

(ग) साना किसान वा उद्यमी प्रोत्साहन कार्यक्रम,

(घ) तरकारी फलफूल खेती प्रवर्द्धन कार्यक्रम,

(ङ) करेसाबारी प्रवर्द्धन कार्यक्रम,

(च) रैथाने बाली, वस्तु तथा सिप ज्ञानको प्रवर्द्धन कार्यक्रम,

(छ) पोषण सुधार हुने कार्यक्रम,

(ज) नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले तोकेका अन्य कृषि कार्यक्रम ।

(२) उपनियम (१) बमोजिम लक्षित कृषि विकास कार्यक्रम सञ्चालन गर्दा किसानको उत्पादनमा लागतको न्यूनतम बचत सुनिश्चित गर्न टेवा पुग्ने खालका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

नेपाल कानून आयोग

१९. **कृषि बिमामा अनुदान दिन सक्ने:** (१) नेपाल सरकारले बाढी, पहिरो, खडेरी, अतिवृष्टि, अनावृष्टि, असिना, हिउँ, तुसारो, बाली र पशुका रोग तथा कीरा, बाँझोपन, भूकम्प, चटयाङ तथा दुर्घटना वा यस्तै अन्य अवस्थामा कृषि उत्पादन वा कृषि बालीको हानि नोक्सानी विरुद्ध किसानलाई क्षतिपूर्ति दिनका लागि कृषि बिमाको व्यवस्था गर्नेछ।

(२) उपनियम (१) बमोजिमको कृषि बिमा गर्न चाहने किसानलाई बिमाको प्रिमियम रकममा दोहोरो नपर्ने गरी नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित स्थानीय तह मार्फत अनुदान दिन सक्नेछन्।

२०. **क्षतिपूर्ति दिनु पर्ने:** (१) ऐनको दफा २० बमोजिम कुनै किसानले क्षतिपूर्ति माग गर्नु पर्ने अवस्था परेमा वा भएमा आफूले प्रयोग गरेको बिउ बिजन र त्यस्तो बिउ बिजन उत्पादनकर्ता तथा बिक्री गर्ने बिक्रेताको नाम, थर, ठेगाना, बिउ बिजन खरिद गरेको बिल, बीजक, बाली लगाएको क्षेत्रफल र उत्पादन नभएको विवरण खुलाई सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस समेत संलग्न गरी बाली उत्पादन हुन नसकेको वा बाली उत्पादनमा सारभूत रुपमा कमी आएको जानकारी भएको मितिले साठी दिनभित्र उपनियम (३) बमोजिमको क्षतिपूर्ति निर्धारण समिति समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्नुअघि सम्बन्धित वडा कार्यालयले स्थलगत अनुगमन वा जाँच गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिमको निवेदन उपर जाँचबुझ गरी ऐनको दफा २० बमोजिम दिनु पर्ने क्षतिपूर्तिको रकम निर्धारण गर्ने प्रयोजनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको क्षतिपूर्ति निर्धारण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित जिल्लासँग सम्बन्धित पशु सेवा कार्यालयको प्रमुख - सदस्य

(घ) सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी - सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(च) जिल्लास्थित कृषि, भूमि, उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूमध्येबाट जिल्ला समन्वय समितिले मनोनयन गरेका एक जना महिला सहित तीन जना - सदस्य

(छ) सम्बन्धित जिल्लासँग सम्बन्धित कृषि कार्यालयको प्रमुख - सदस्य-सचिव

(४) क्षतिपूर्ति निर्धारण समितिले आवश्यकता अनुसार विषय विज्ञको सहयोग लिन सक्नेछ।

(५) क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्नुअघि ऐनको दफा २० बमोजिमका संस्था, निकाय, कम्पनी वा फर्म लगायतका सम्बन्धित बिउ बिजन उत्पादनकर्ता वा त्यस्तो बिउ बिजन पैठारी गरिएको भएमा पैठारीकर्ता र आवश्यकता अनुसार बिक्रेतासँग समेत छलफल तथा सुनुवाइ गर्न सक्नेछ।

(६) क्षतिपूर्ति निर्धारण समितिले यस नियम बमोजिम क्षतिपूर्तिको रकम निर्धारण गर्दा किसानले खेती गरेको जम्मा क्षेत्रफल, त्यस्तो खेतीको लागि सम्बन्धित जिल्ला वा स्थानीय तहको औसत उत्पादन र औसत उत्पादन लागतको आधारमा हुन आउने रकमलाई क्षतिपूर्तिको रुपमा निर्धारण गर्न सक्नेछ।

(७) क्षतिपूर्ति निर्धारण समितिले उपनियम (६) बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा लगाएको बालीको उत्पादनमा सारभूत रुपमा कमी आएको अवस्थामा त्यसरी उत्पादनमा जति प्रतिशतले कमी आएको हो त्यति प्रतिशतले हुन आउने रकम क्षतिपूर्तिको रुपमा निर्धारण गरी त्यस्तो बिउ बिजन, विधि, प्रक्रिया वा मल सिफारिस गर्ने फर्म, संस्था वा कम्पनीबाट सम्बन्धित किसानलाई क्षतिपूर्ति भराई दिनेछ।

(८) क्षतिपूर्ति निर्धारण समितिले निवेदन प्राप्त भएको मितिले सामान्यतया तीन महिनाभित्र क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ र त्यस्तो निर्णय भएको मितिले साठी दिनभित्र ऐनको दफा २० बमोजिमका संस्था, निकाय, कम्पनी वा फर्मले कार्यान्वयन गरी सक्नु पर्नेछ।

(९) क्षतिपूर्ति सम्बन्धी अन्य प्रक्रिया क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(१०) क्षतिपूर्ति निर्धारण समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्र मन्त्रालयमा उजुरी गर्न सक्नेछ।

नेपाल कानून आयोग

## परिच्छेद-५

## खाद्य अधिकारको योजनाबद्ध कार्यान्वयन

२१. **राष्ट्रिय खाद्य योजनाः** मन्त्रालयले सरोकारवालासँगको परामर्शमा देहायका विषय समावेश गरी राष्ट्रिय खाद्य योजना तर्जुमा गर्नेछः-

(क) भोकमरी, कुपोषण र खाद्य तथा पोषण असुरक्षाबाट आम जनतालाई संरक्षण प्रदान गर्न नेपाल सरकारले गर्नु पर्ने कार्य,

(ख) खाद्य पदार्थको उत्पादन, सञ्चिति, भण्डारण, आपूर्ति, ढुवानी तथा वितरण प्रणालीलाई प्रभावकारी बनाउन गर्नु पर्ने कार्य,

(ग) खाद्य वितरण प्रणालीमा लक्षित परिवार तथा समुदायको सहज पहुँच सुनिश्चित गर्ने विषय,

(घ) राष्ट्रिय हित तथा खाद्य सम्प्रभुताका मान्यताको आधारमा खाद्यको आयात तथा निर्यातको नियमनका लागि गर्नु पर्ने कार्य,

(ङ) खाद्य पदार्थको सहज आपूर्ति र मूल्य स्थिरताका लागि गर्नु पर्ने आवश्यक कार्य,

(च) खाद्य व्यवसायमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता सुनिश्चितताका लागि गर्नु पर्ने कार्य,

(छ) खाद्य तथा पोषण सुरक्षा र खाद्य सम्प्रभुता लगायतका सूचनाको प्रवाह गर्न तथा नीति, कानून, योजना र कार्यक्रम निर्माणलाई तथ्यपरक बनाउन गर्नु पर्ने कार्य,

(ज) खाद्य पदार्थ लगायतका कृषि बाली उत्पादनका लागि अत्यावश्यक बीउ बिजन, नश्ल, मलखाद, सिँचाई सुविधा, कृषि औजार, प्राविधिक सेवा लगायतका सामग्री, सेवा र पशुपन्छी तथा मत्स्य विकास प्रवर्द्धनका लागि गर्नु पर्ने कार्य,

(झ) खाद्य तथा पोषण सुरक्षा र खाद्य सम्प्रभुता लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास र उपयोगलाई प्रवर्द्धन गर्न गर्नु पर्ने कार्य,

(ञ) कृषि तथा खाद्य प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशिताको मान्यतालाई मूलप्रवाहीकरण गर्ने आवश्यक कार्य,

(ट) खाद्य तथा कृषिको क्षेत्रमा परेको वातावरणीय तथा जलवायुको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै दिगो खाद्य र पोषण सुरक्षालाई प्रवर्द्धन गर्ने आवश्यक कार्य,

(ठ) कृषि तथा खाद्य तथा पोषण सुरक्षासँग सम्बन्धित निकायका काम कारबाहीमा सामञ्जस्यता ल्याउन गर्नु पर्ने आवश्यक कार्य,

(ड) योजना कार्यान्वयनका लागि आवश्यक स्रोत, साधनको उपलब्धता तथा परिचालनको कार्ययोजना।

२२. **खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन गर्ने:** स्थानीय तहले खाद्य तथा पोषण सुरक्षा सम्बन्धी देहायका कार्यक्रम सञ्चालन गर्नेछः–

(क) लक्षित घर परिवारका गर्भवती, सुत्केरी तथा स्तनपान गराइरहेकी आमाको खाद्य तथा पोषणमा पहुँच अभिवृद्धि गराउने कार्यक्रम,

(ख) छ महिनासम्मका शिशुको लागि पूर्ण स्तनपानलाई प्रवर्द्धन गर्नुका अतिरिक्त पाँच वर्षसम्मको बालबालिकाको लागि आवश्यक पोषणको आवश्यकता पूर्ति गर्ने कार्यक्रम,

(ग) सामुदायिक विद्यालयमा अध्ययन गर्ने चौध वर्ष मुनिका बालबालिकालाई दिवा खाजा उपलब्ध गराउने कार्यक्रम,

(घ) गम्भीर रूपले कुपोषित बालबालिका तथा ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार, भोजन, पोषण तथा पुनर्स्थापना र अभिभावकलाई पोषण परामर्शको कार्यक्रम,

(ङ) सबै उमेरका असहाय अवस्थाका व्यक्तिको पहिचान र सोको लगत तयारी तथा भरणपोषणको कार्यक्रम,

(च) विपद्मा परेका व्यक्तिलाई खाद्य तथा पोषण असुरक्षाबाट संरक्षण प्रदान गर्न निःशुल्क भोजनको व्यवस्था गर्ने कार्यक्रम,

नेपाल कानून आयोग

(छ) लक्षित समूह तथा सीमान्तकृत समुदायमा खानेपानीमा पहुँच, स्वास्थ्यकर खाद्य तथा पोषण कायम गर्ने सम्बन्धी आनीबानी र सरसफाइ प्रवर्द्धन गर्ने कार्यक्रम,

(ज) स्थानीयस्तरमा उत्पादन हुने रैथाने बाली, परिकार र अन्य पोषिला खानेकुरा प्रवर्द्धन गर्ने कार्यक्रम,

(झ) जलवायु परिवर्तनले कृषिमा पारेको प्रतिकूल प्रभाव तथा त्यससँग अनुकूल हुने गरी खेतीबाली तथा पशुपालन गर्न अभिप्रेरित गर्न सहयोग पुऱ्याउने आवश्यक कार्यक्रम,

(ञ) खाद्य तथा पोषणको पहुँचमा अवरोध सृजना गर्ने भेदभावजन्य अभ्यास र कुरीतिलाई अन्त्य गर्ने खालका कार्यक्रम,

(ट) ज्येष्ठ नागरिकमा रहेको खाद्य तथा पोषण सम्बन्धी परम्परागत ज्ञान तथा सिपलाई प्रवर्द्धन गरी पुस्तान्तरण गराउन सघाउने कार्यक्रम,

(ठ) स्थानीय समुदायले खाद्य सुरक्षाका लागि अपनाउँदै आएका वातावरणमैत्री परम्परागत प्रविधिलाई प्रवर्द्धन गर्ने कार्यक्रम,

(ड) मुक्त कमैया र हलिया, अधियाँ तथा बटैया गरेर जीविकोपार्जन गर्ने श्रमिक किसानको खाद्य तथा पोषण सुरक्षामा पहुँच बढाउने तर्फ लक्षित कार्यक्रम,

(ढ) खाद्य उपलब्धता, वितरण र पहुँच अभिवृद्धि गर्ने खालका कार्यक्रम।

२३. **खाद्य सुरक्षा सूचना संयन्त्रको स्थापना र सञ्चालनः** खाद्य तथा पोषण शिक्षा र सूचनाको प्रवाहलाई सहजीकरण गर्न, खाद्य तथा पोषण सुरक्षाको अवस्था सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, सम्प्रेषण र अद्यावधिक गरी नीति, योजना र कार्यक्रम तर्जुमा प्रक्रियालाई तथ्यपरक बनाउन मन्त्रालय, प्रदेशको कृषि हेर्ने मन्त्रालय तथा स्थानीय तहले आवश्यकता अनुसार सूचना प्रणाली स्थापना गरी सञ्चालन गर्न सक्नेछन्।

२४. **जलवायु परिवर्तनको असर न्यूनीकरणका उपाय अपनाउनेः** जलवायु परिवर्तनले खाद्य उत्पादनमा पार्न सक्ने प्रतिकूल प्रभाव वा त्यसबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आपसी समन्वयमा देहायका कार्य गर्नेछन्:-

(क) जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट जोगिने उपायको बारेमा अनुसन्धान गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) खडेरी तथा डुबान थेग्न सक्ने बाली प्रवर्द्धन गर्ने तथा सो बमोजिमको बीउ बिजन र प्रविधि उपलब्ध गराउने,

(ग) प्रकोपको पूर्वानुमान तथा पूर्वसचेतना प्रणालीको विकास र विस्तार गर्ने तथा असर न्यूनीकरणका उपाय सम्बन्धी सूचनाको प्रवाहलाई प्रभावकारी बनाउने,

(घ) जलवायु परिवर्तनले कृषिमा पार्ने प्रतिकूल असर न्यूनीकरणका सकारात्मक प्रयास प्रवर्द्धन गर्ने,

(ङ) जलवायु परिवर्तनबाट प्रभावित किसानको हित संरक्षण गर्न कृषि बिमाको पहुँच विस्तार गर्ने,

(च) समुदायस्तरमा जलवायु शिक्षामार्फत जलवायु अनुकूलन खेतीबाली तथा पशुपन्छीको प्रवर्द्धन गर्ने,

(छ) जलवायु परिवर्तनले कृषिमा पारेको नकारात्मक प्रभावको प्रवृत्तिगत अवस्थाको निरन्तर अनुगमन तथा अभिलेखन गर्ने,

(ज) जलवायु परिवर्तन र यसको असर न्यूनीकरणको क्षेत्रमा कार्य गर्ने सङ्घसंस्था र निकायहरूसँग सहकार्य गर्ने।

## परिच्छेद-६

## खाद्य सञ्चिति, भण्डारण तथा खाद्य सहायता वितरण

२५. **खाद्यको भण्डारण तथा सञ्चितिको प्रबन्धः** (१) ऐनको दफा २६ बमोजिम खाद्य भण्डारण र सञ्चितिका लागि नेपाल सरकारले राष्ट्रियस्तरमा र प्रदेश सरकारले प्रदेशस्तरमा खाद्य सञ्चिति भण्डारको निर्माण तथा सञ्चालन गर्न वा गराउन सक्नेछ।

(२) खाद्यको भण्डारण र सञ्चितिको प्रबन्धका सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारले देहाय बमोजिमका कार्य गर्नेछन्:-

(क) प्रदेश तहमा आधारभूत खाद्य पदार्थ सञ्चिति तथा भण्डारणको व्यवस्था गर्न प्रदेशको स्रोतबाट अपुग हुने रकम नेपाल सरकारले उपलब्ध गराउने,

(ख) नेपाल सरकारले आधारभूत खाद्यमा आत्मनिर्भरताका लागि खाद्य सञ्चितिको व्यवस्था मिलाउने र सोको लागि आवश्यकताको आधारमा आन्तरिक उत्पादनलाई खरिद गरी सञ्चित गरी राख्नु पर्ने न्यूनतम परिमाण नेपाल सरकारले निर्धारण गर्ने,

(ग) खाद्य पदार्थ सञ्चय तथा भण्डारण गर्दा खाद्य गुणस्तर सम्बन्धी प्रचलित मापदण्डलाई पालना गर्ने, गराउने,

(घ) आधारभूत खाद्यको संरक्षण र अनुचित मूल्यवृद्धिलाई प्रभावकारी रूपमा नियन्त्रण गरी पर्याप्त खाद्य उपलब्धतालाई सुनिश्चित गर्न नेपाल सरकार र प्रदेश सरकारले अन्य आवश्यक उपाय अवलम्बन गर्ने।

(३) नेपाल सरकारले प्रदेश सरकारसँग समन्वय गरी खाद्य असुरक्षाको जोखिममा रहेको क्षेत्रमा खाद्य सञ्चिति, भण्डारण तथा ढुवानीलाई सुदृढ, एकीकृत र व्यवस्थित गर्नेछ।

(४) खाद्यको भण्डारण तथा सञ्चितिको प्रबन्धका लागि सरकारी, निजी क्षेत्र र सहकारीले आवश्यकता अनुसार संयुक्त रुपमा समेत लगानी गर्न सक्नेछन्।

(५) खाद्यको भण्डारण तथा सञ्चितिको लागि निजी क्षेत्रको गोदामलाई समेत प्रयोग गर्ने गरी व्यवस्था गर्न सकिनेछ।

२६. **<u>खाद्य पदार्थ ढुवानीको प्रबन्धः</u>** (१) नेपाल सरकारले आधारभूत खाद्य पदार्थको अभाव हुन नदिन खाद्य पदार्थ ढुवानी तथा वितरण गर्नको लागि नेपाल सरकार अन्तर्गतको कुनै निकाय वा कम्पनीलाई जिम्मेवारी दिन सक्नेछ र त्यस्तो निकाय वा कम्पनीले प्रदेश सरकारको सम्बन्धित कार्यालय वा निकायसँग समन्वय गरी आवश्यक खाद्य पदार्थको नियमित ढुवानीको व्यवस्था गर्नेछ।

(२) उपनियम (१) बमोजिम ढुवानी तथा खाद्य सहायता वितरण प्रक्रियाका लागि आवश्यक बजेट व्यवस्थापनमा प्रदेशको स्रोतबाट अपुग हुने रकम नेपाल सरकारले उपलब्ध गराउनेछ।

२७. **सार्वजनिक खाद्य वितरण केन्द्र वा सुपथ मूल्य पसल सञ्चालनः** (१) स्थानीय तहले ऐन तथा यस नियमावली बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा खाद्य वितरणको कार्य देहायका केन्द्र वा पसलबाट हुने गरी व्यवस्था मिलाउन सक्नेछः-

(क) स्थानीय तहका अधिकांश लक्षित घर परिवारलाई पायक पर्ने स्थानमा सार्वजनिक खाद्य वितरण केन्द्र स्थापना गरी सो केन्द्रमार्फत,

(ख) आफ्नो क्षेत्रमा रहेको नेपाल सरकार वा प्रदेश सरकारको निकाय वा कम्पनीको कार्यालय वा वितरण केन्द्रमार्फत, र

(ग) प्रचलित कानून बमोजिम दर्ता भएको सुपथ मूल्य पसलमार्फत।

(२) उपनियम (१) बमोजिमको केन्द्र, निकाय, कम्पनी वा पसलबाट नियम ७ बमोजिम खाद्य सहायता परिचयपत्र प्राप्त परिवार वा नियम ८ बमोजिम खास प्रकृतिको लक्षित घर परिवारको रुपमा सिफारिस भएको परिवारले ऐन तथा यस नियमावली बमोजिम सहुलियत मूल्य वा निःशुल्क रुपमा पाउने खाद्य सहायता प्राप्त गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिमको केन्द्र, निकाय, कम्पनी वा पसलसम्म आएर खाद्य सहायता लिन नसक्ने अशक्त, अपाङ्गता भएको व्यक्ति र ज्येष्ठ नागरिकको लागि घरसम्म ढुवानी गरिदिने व्यवस्था सम्बन्धित पसल वा वितरण केन्द्रले गर्नु पर्नेछ र त्यस बापत लाग्ने खर्चको सोधभर्ना स्थानीय तहले उपलब्ध गराउनेछ।

(४) उपनियम (१) बमोजिमको केन्द्र, निकाय, कम्पनी वा पसलबाट नियम ७ बमोजिम खाद्य सहायता परिचयपत्र प्राप्त परिवार वा नियम ८ बमोजिम खास प्रकृतिको लक्षित घर परिवारको रुपमा सिफारिस भएको परिवारलाई ऐन तथा यस नियमावली बमोजिम सहुलियत मूल्य वा निःशुल्क रुपमा खाद्य सहायता प्रदान गर्दा त्यसको अभिलेख राख्नु पर्नेछ र सो प्रयोजनको लागि नेपाल सरकारले विकास गरेको विद्युतीय प्रणालीमा समेत खाद्य



नेपाल कानून आयोग

सहायता प्राप्त गरेको मिति, परिमाण र किसिम खुल्ने विवरण प्रविष्टि गराउने व्यवस्था गर्न सकिनेछ।

(५) उपनियम (१) बमोजिमको केन्द्र, निकाय, कम्पनी वा पसलले प्रष्ट जनिने गरी साईनबोर्ड राखेको हुनु पर्नेछ र सम्बन्धित वडागत लगतमा समावेश भएका लक्षित परिवारको सूची राख्नु पर्नेछ।

(६) उपनियम (१) बमोजिमको केन्द्र, निकाय, कम्पनी वा पसलले खाद्य पदार्थको निःशुल्क वितरण तथा सहुलियत मूल्यमा उपलब्ध गराएको विवरण मासिक रूपमा सम्बन्धित वडा कार्यालयमा पठाउनु पर्नेछ।

(७) स्थानीय तहले यस नियम बमोजिम केन्द्र, निकाय, कम्पनी वा पसलमार्फत गरिने वितरण प्रणालीलाई प्रभावकारी बनाउन खाद्य कुपन, भौचर वा अन्य उपयुक्त प्रणालीद्वारा व्यवस्थित गर्न सक्नेछ।

## परिच्छेद-७

## राष्ट्रिय खाद्य परिषद्

२८. **राष्ट्रिय खाद्य परिषद्को गठनः** (१) ऐनको दफा ३२ बमोजिमको राष्ट्रिय खाद्य परिषद्को गठन देहाय बमोजिम हुनेछः–

| | | |
|---|---|---|
| (क) | कृषि तथा पशुपन्छी विकास मन्त्री | – अध्यक्ष |
| (ख) | प्रदेशस्थित कृषि हेर्ने मन्त्री | – सदस्य |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (कृषि क्षेत्र हेर्ने) | – सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (ङ) | सचिव (कृषि हेर्ने), मन्त्रालय | – सदस्य |
| (च) | सचिव (पशुपन्छी हेर्ने), मन्त्रालय | – सदस्य |
| (छ) | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | – सदस्य |
| (ज) | सचिव, वन तथा वातावरण मन्त्रालय | – सदस्य |
| (झ) | सचिव, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | – सदस्य |

(ञ) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सदस्य

(ट) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य

(ठ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – सदस्य

(ड) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् – सदस्य

(ढ) प्रदेश सचिव, प्रदेशस्थित कृषि हेर्ने मन्त्रालय – सदस्य

(ण) प्रमुख कार्यकारी अधिकृत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड – सदस्य

(त) किसानको प्रतिनिधित्व गर्ने सङ्घसंस्थाहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुईजना – सदस्य

(थ) अध्यक्ष, नेपाल नगरपालिका सङ्घ – सदस्य

(द) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ – सदस्य

(ध) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ – सदस्य

(न) सहसचिव (खाद्य सुरक्षा विषय हेर्ने), मन्त्रालय – सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (त) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयको कार्यसूची कम्तीमा तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(५) परिषद्का कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) परिषद्को अध्यक्षले परिषद्को बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा राष्ट्रिय योजना आयोगबाट परिषद्मा प्रतिनिधित्व गर्ने सदस्यले अध्यक्षता गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

नेपाल कानून आयोग

(८) परिषद्ले गरेको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(९) परिषद्ले आवश्यकता अनुसार विषय विज्ञलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(११) परिषद्को सचिवालयको काम मन्त्रालयको खाद्य सुरक्षा विषय हेर्ने महाशाखाले गर्नेछ।

२९. **<u>राष्ट्रिय खाद्य परिषदको काम, कर्तव्य र अधिकारः</u>** राष्ट्रिय खाद्य परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य अधिकार सम्बन्धी नीति तथा कानून कार्यान्वयनमा रहेका समस्याको पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) खाद्य अधिकारसँग सम्बन्धित विषयमा संवैधानिक आयोग तथा विभिन्न निकायबाट दिएका सिफारिसको कार्यान्वयनको व्यवस्था मिलाउने,

(ग) खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोतको पहिचान गरी परिचालन गर्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्ने,

(घ) राष्ट्रिय खाद्य योजना कार्यान्वयनका लागि स्रोतको समन्यायिक वितरणको व्यवस्था मिलाउने,

(ङ) स्थानीय समुदायले जीविकोपार्जन तथा खाद्य सुरक्षाका लागि अपनाएका परम्परागत उपाय तथा खाद्य उत्पादनका स्रोतहरूको पहिचान गरी संरक्षण र प्रवर्द्धन गर्ने, गराउने,

(च) खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र किसानको हकहित सम्बन्धी नीति, कानून, योजना, रणनीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न समन्वय, सहयोग र सहजीकरण गर्ने,

(छ) खाद्य उपलब्धता, सञ्चिति, आपूर्ति तथा वितरण प्रणालीको प्रभावकारी सञ्चालनका लागि नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(ज) ऐनको उद्देश्य पूरा गर्न अन्य उपयुक्त उपाय अवलम्बन गर्ने।

## परिच्छेद-८

## क्षतिपूर्तिको माग दाबी तथा निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

३०. **क्षतिपूर्तिको माग दाबीः** (१) ऐनको दफा ४१ बमोजिम निरीक्षण अधिकृतले मुद्दा दायर गर्दा पीडितलाई पुग्न गएको हानि नोक्सानी तथा क्षतिको सम्बन्धमा कसूरदारबाट क्षतिपूर्ति भराईदिने गरी स्पष्ट माग दाबी लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिएको क्षतिपूर्तिको माग दाबीमा चित्त नबुझेमा पीडितले क्षतिपूर्तिको थप दाबी लिई मुद्दा हेर्ने अधिकारी समक्ष छुट्टै निवेदन दिन सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको माग दाबीमा मुद्दा हेर्ने अधिकारीले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३१ बमोजिमका आधारमा ऐनको दफा ४३ बमोजिम पीडितलाई हानि नोक्सानीको क्षतिपूर्ति भराई दिने आदेश दिन सक्नेछ।

३१. **निरीक्षण अधिकृतः** (१) मन्त्रालयले मान्यताप्राप्त विश्वविद्यालयबाट खाद्य पोषण विज्ञान, खाद्य प्रविधि, कृषि विज्ञान, पशु विज्ञान वा पशु चिकित्सा, जनस्वास्थ्य, मत्स्य विज्ञान वा वन तथा वातावरण विज्ञान, कानून, मानव अधिकार, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी विषयमध्ये कुनै विषयमा स्नातक उपाधि हासिल गरेको सङ्घीय निजामती सेवाको अधिकृतस्तरको कुनै कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा काम गर्ने गरी तोक्ने वा नियुक्त गर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले उपनियम (१) बमोजिमको योग्यता भएको प्रदेश वा स्थानीय तहमा कार्यरत प्रदेश निजामती सेवा वा स्थानीय सेवाको अधिकृतस्तरको कर्मचारीलाई समेत सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको सिफारिसमा निरीक्षण अधिकृत तोक्न सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम निरीक्षण अधिकृत तोक्दा वा नियुक्त गर्दा प्रत्येक जिल्लाको लागि कम्तीमा एक एक जना हुने गरी तोक्नु वा नियुक्ति गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम निरीक्षण अधिकृत तोकेको विषयको जानकारी मन्त्रालयले सम्बन्धित प्रदेश र स्थानीय तहलाई दिनु पर्नेछ।

(५) उपनियम (१) वा (२) बमोजिमको निरीक्षण अधिकृतलाई मन्त्रालयले आवश्यक तालिमको व्यवस्था गर्नु पर्नेछ।

३२. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफूलाई तोकेको कार्यक्षेत्रमा ऐनको प्रभावकारी कार्यान्वयन भए वा नभएको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने,

(ख) ऐनले प्रत्याभूत गरेका हक अधिकार सेवाग्राहीले उपभोग गर्न पाए वा नपाएको सन्दर्भमा उजुरी तथा गुनासो सुन्ने,

(ग) नेपाल सरकारको सम्पर्क व्यक्तिको रूपमा कार्य गर्ने,

(घ) खाद्य सहायता वितरण प्रणाली चुस्त र दुरूस्त भए वा नभएको निरीक्षण गर्ने,

(ङ) आवश्यकता अनुसार कुनै वस्तु वा सेवाको गुणस्तर परीक्षण गराउने,

(च) निरीक्षण वा जाँचबुझको लागि आवश्यक विवरण वा जानकारी माग गर्ने तथा बयान लिने,

(छ) ऐन तथा यस नियमावली विपरीत कुनै कसूरजन्य कार्य भइरहेको भन्ने विश्वास गर्ने मनासिब आधार भएमा उक्त स्थानमा जुनसुकै बखत प्रवेश गरी जाँचबुझ गर्ने,

(ज) ऐन तथा यस नियमावली विपरीतको कसूरजन्य कार्यको अनुसन्धान तथा तहकीकात गरी मुद्दा दायर गर्ने।

(२) निरीक्षण अधिकृतले ऐन तथा यस नियमावली बमोजिम अनुसन्धान तथा जाँचबुझ गर्दा सम्बन्धित व्यक्तिलाई सुनुवाइको उचित मौका दिनु पर्नेछ।

३३. **सहयोग गर्नु पर्नेः** (१) निरीक्षण अधिकृतले ऐन तथा यस नियमावली बमोजिम आफ्नो कार्य सम्पादनको क्रममा आवश्यक भएमा स्थानीय प्रशासनसँग सहयोग माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण अधिकृतले सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

३४. **प्रतिवेदन पेस गर्नु पर्नेः** (१) निरीक्षण अधिकृतले प्रत्येक वर्षको भदौ पन्ध्र गतेभित्र अघिल्लो आर्थिक वर्षमा ऐन तथा यस नियमावली बमोजिम आफूले सम्पादन गरेका कामकारबाहीको सम्बन्धमा देहायका विषय समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछः-

(क) ऐन तथा यस नियमावलीको कार्यान्वयनको अवस्था,

(ख) अनुगमन तथा निरीक्षणको क्रममा भए गरेका कार्यको प्रगति विवरण,

(ग) उजुरी, अनुसन्धान तथा मुद्दा दायरीको विवरण,

(घ) सेवा प्रवाहको स्थिति र सुधारका विषय,

(ङ) ऐन तथा यो नियमावली कार्यान्वयनलाई प्रभावकारी बनाउन सेवाग्राहीको चासो, सरोकार र सुझाव,

(च) आफूलाई तोकेको कार्यक्षेत्रमा खाद्य सञ्चितिको अवस्था,

(छ) खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अवस्था।

(२) निरीक्षण अधिकृतले उपनियम (१) बमोजिमको प्रतिवेदनको जानकारी स्थानीय खाद्य समन्वय समिति र सम्बन्धित प्रदेश खाद्य परिषद्लाई समेत गराउनु पर्नेछ।

## परिच्छेद-९

## विविध

३५. **झुट्टा विवरण दिन नहुनेः** कसैले ऐन तथा यस नियमावली बमोजिमको सुविधा लिन झुट्टा विवरण पेस गरेको देखिएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

३६. **विद्युतीय अभिलेख राख्नेः** लक्षित घर परिवारको विवरण, खाद्य असुरक्षामा रहेका घर परिवारको सूची, किसानको पहिचान तथा वर्गीकरण, सहुलियत, छुट, सुविधा तथा अनुदान दिएको विषयको विद्युतीय अभिलेख स्थानीय तह तथा सम्बन्धित निकायले आफ्नो वेबसाइटमा राख्नु पर्नेछ।

३७. **अनुसूचीमा थपघट वा हेरफेरः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**लक्षित घर परिवार पहिचानका आधार**

१. नेपालभर कहीँ कतै घर वा जग्गा जमिन नभएको घर परिवार,

२. घर वा घरले चर्चेको जग्गा भए तापनि प्लास्टिक, झिक्रो वा बाँसले बारेको र कच्ची छानो भएको घर परिवार,

३. कृषियोग्य जमिन नभएको वा कृषि, पशुपालन, मत्स्यपालन वा व्यापार व्यवसाय वा रोजगारी केही नभई आम्दानीको कुनै पनि स्रोत नभएको घर परिवार,

४. मागेर गुजारा चलाउने अवस्थामा रहेको घर परिवार,

५. अरुको घरमा काम सघाए बापत प्राप्त आम्दानीको भरमा पालिने परिवार,

६. आफूले आफ्नो लागि केही पनि गर्न नसक्ने र आफ्नो भरण पोषणको लागि सहयोग गर्ने परिवारका अन्य सदस्य समेत नभएको अवस्थाको अशक्त, असहाय, परित्यक्त, अति गरिबीमा रहेका महिला, बालक तथा वृद्ध अवस्थाका वा परिवारको सबै सदस्य अपाङ्ग वा गम्भीर रुपमा बिरामीको अवस्थामा रहेको घर परिवार,

७. बासस्थानको ठेगान नभएको तथा सम्पूर्ण जायजेथा गुमाएको र शारीरिक, मानसिक वा अन्य कुनै कारणले आम्दानी गर्न नसक्ने भई खाद्य असुरक्षाको गम्भीर जोखिममा रहेको, कडा वा शीघ्र कुपोषण रहेको परिवारको घर परिवार,

८. जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको कारण दैनिक रुपमा आवश्यक पर्ने न्यूनतम पोषण (क्यालोरी) भन्दा कम उपभोगको अवस्थामा रहेको घर परिवार,

९. उमेर अनुसारको तौल, गम्भीर कुपोषणको अवस्था, पुड्कोपन, ख्याउटोपन, मर्विडिटी जस्ता शारीरिक मापन (anthropometric measurements) को आधारमा खाद्य असुरक्षाको गम्भीर जोखिममा रहेको घर परिवार,

नेपाल कानून आयोग

१०. भौगोलिक विकटताको कारण खाद्य असुरक्षाको गम्भीर जोखिममा रहेको घर परिवार,

११. विपद् वा आपतकालीन अवस्थामा परी छ महिनाभन्दा बढीको समयावधि खाद्य असुरक्षाको गम्भीर जोखिममा रहेको घर परिवार।

नेपाल कानून आयोग

## अनुसूची-२

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**लक्षित घर परिवारको अभिलेख**

...................................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका

वडा नं. :

| क्र.सं. | घरमूलीको नाम र घर नं. | परिवार सङ्ख्या विवरण | | | | | घर जग्गा तथा आयस्रोत सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| | | वृद्ध/वृद्धा | महिला | पुरुष | बालबालिका | जम्मा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल कानून आयोग

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नेपाल कानून आयोग

**<u>विवरण तयार गर्नेको</u>,-**

दस्तखत:

नाम थर:

पद:

मिति:

**<u>विवरण जाँच गर्नेको</u>**,-

दस्तखत:

नाम थर:

पद:

मिति:

**<u>विवरण स्वीकृत गर्नेको</u>**,-

दस्तखत:

नाम थर:

पद:

मिति:

## अनुसूची-३

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>खाद्य सहायता परिचयपत्रको ढाँचा</u>**

........महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका

.....प्रदेश, नेपाल

**खाद्य सहायता परिचयपत्र**

फोटो

परिचयपत्र नम्बरः

लक्षित घर परिवारमूलीको नाम, थरः

जन्म मितिः....साल······महिना···गते, लिङ्गः... पुरुष/स्त्री/अन्य

परिवार सङ्ख्याः ······

नागरिकता प्रमाणपत्र नम्बरः ······जारी जिल्लाः······

ठेगानाः ····प्रदेश····· जिल्ला

····गा·पा./न·पा./उ·म·न·पा./म·न·पा., वडा नं.··· गाउँ/टोलः······

परिचयपत्रको अवधिः ...देखि...सम्म

लक्षित घर परिवारमूलीको सहीछापः

| दायाँ | बायाँ | <u>परिचयपत्र जारी गर्ने अधिकारीको</u><br>नामः ······ दस्तखतः······<br>पदः ······ मितिः······<br>गा·पा./न·पा./उ·म·न·पा./म·न·पा. कार्यालय |
|---|---|---|

*परिचयपत्रको पृष्ठभाग*

| जारी मिति | बहाल रहने मिति | जारी गर्ने अधिकारीको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**<u>द्रष्टव्यः</u>** परिचयपत्र जारी गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप फोटोमा समेत पर्ने गरी लागेको हुनु पर्नेछ।

नेपाल कानून आयोग

## अनुसूची-४

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**दैनिक न्यूनतम पोषकतत्त्वको मात्रा**

| क्र.सं.. | पोषक तत्त्व | आवश्यक मात्रा | इकाई |
|---|---|---|---|
| १ | शक्ति | २००० | किलो क्यालोरी |
| २ | प्रोटिन | ०.८-१ ग्राम | प्रति किलोग्राम शारीरिक तौलको आधारमा |
| ३ | चिल्लो पदार्थ | १५-२० ग्राम | ग्राम |

**द्रष्टव्यः** प्रति व्यक्तिको लागि आवश्यक पर्ने दैनिक पोषकतत्त्वको मात्रा संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन र विश्व स्वास्थ्य सङ्गठनले समय समयमा अद्यावधिक गरे बमोजिम हुनेछ।

नेपाल कानून आयोग

# अनुसूची-५

(नियम १६ को उपनियम (६) सँग सम्बन्धित)

## किसान वर्गीकरणको आधार

| वर्गीकरण | खेती गरिरहेको किसान | | पशुपालनसँग सम्बन्धित | | मत्स्यपालनसँग सम्बन्धित | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | आफ्नै वा भाडामा लिएर खेती गरेको क्षेत्रफल | वार्षिक उत्पादन को जम्मा मूल्य (रू.) | लाइभ स्क युनिट | वार्षिक उत्पादित वस्तुको मूल्य (रु.) | पालन गरिएको पोखरी रेस्वे क्षेत्रफल (आफ्नै वा भाडामा) | वार्षिक उत्पादनको जम्मा मूल्य (रु.) | |
| निर्वाहमुखी किसान (भूमिहीन/कृषि मजदुर/आरन व्यवसाय/परम्परागत खेती समेत) | न्यूनतम पहाडमा १ रोपनी र तराईमा १ कठ्ठा (कृषि मजदुर र आरन व्यवसायीको हकमा लागू नहुने) | ३ लाख ५० हजार भन्दा कम | १ (एल.यु) वा सोभन्दा कम पशुपन्छी पालन गर्ने | १ लाख ५० हजार भन्दा कम | माछा पोखरी क्षेत्रफल (जलाशय) क. तराईको हकमा ५ कठ्ठाभन्दा कम, ख. पहाडको हकमा १ रोपनीभन्दा कम, ग. रेसवे को हकमा ३० व.मि. भन्दा कम | ३ लाख ५० हजार भन्दा कम | घरायसी उपभोगको लागि खेती गर्ने, पशुपालन गर्ने वा मत्स्यपालन गर्ने किसान |
| साना व्यावसायिक किसान | पहाडमा १० रोपनी र तराईमा १.५ बिगाहासम्म | ३ लाख ५० हजार देखि ८ लाख ७५ हजारसम्म | १ भन्दा बढी ४ (एल.यु) सम्म | १ लाख ५० हजारदेखि ६ लाखभन्दा कम | क. ५ कठ्ठादेखि २० कठ्ठासम्म, ख. १ रोपनी देखि ५ रोपनीसम्म, ग. ३० व.मि. देखि ७५ व.मि. सम्म | ३ लाख ५० हजारदेखि ८ लाख ७५ हजार भन्दा कम | बिक्री प्रयोजनको लागि बाली वा पशुपन्छी वा मत्स्यपालन गर्ने |
| मझौला व्यावसायिक किसान | पहाडमा १० रोपनीभन्दा बढी ३० रोपनीसम्म र तराईमा १.५ बिगाहाभन्दा बढी ३ | ८ लाख ७५ हजार देखि २६ लाखसम्म | ५ देखि १० (एल.यु.) | ६ लाखदेखि १५ लाख भन्दा कम | क. २० कठ्ठादेखि ६० कठ्ठासम्म, ख. ५ रोपनी देखि २० रोपनीसम्म, ग. ७५ व.मि. | ८ लाख ७५ हजार देखि २६ लाखभन्दा कम | बिक्री प्रयोजनको लागि बाली वा पशुपन्छी वा मत्स्यपालन गर्ने |

नेपाल कानून आयोग

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बिगाहासम्म | | | | देखि २२५ व.मि. सम्म | | |
| ठूला व्यावसायिक किसान | पहाडमा ३० रोपनीभन्दा बढी र तराईमा ३ बिगाहाभन्दा बढी | २६ लाखभन्दा बढी | १० (एल.यु) भन्दा बढी | १५ लाखभन्दा बढी | क. ६० कठ्ठाभन्दा बढी, ख. २० रोपनीभन्दा बढी, ग. २२५ व.मि.भन्दा बढी | २६ लाख वा सोभन्दा बढी | व्यावसायिक प्रयोजनको लागि स्थानीय बजार/हाट बजार/ थोक बिक्रेता/ देशभित्रका ठूला सहरको बजार समेत लाई बिक्री वितरण गर्नको लागि खेती गर्ने, पशुपालन गर्ने वा मत्स्यपालन गर्ने। |

<u>**द्रष्टव्य:**</u> १. वर्गीकरणको पहिलो आधार जग्गाको स्वामित्वलाई लिइए तापनि अत्याधुनिक खेती प्रणाली अपनाई सघन खेती गरी बढी आय भएका किसानलाई कम जग्गा भए पनि आम्दानीको हिसाबले वर्गीकरण गरिनेछ।

२. लाइभस्टकको एक युनिट (एल.यु.) भन्नाले १ वटा वयस्क गाई/भैंसी/चौरी वा ३ वटा बाख्रा/बङ्गुर वा ५ वटा भेडा वा ५० वटा खरायो वा १०० वटा हाँस वा ३०२ वटा कुखुरा।

३. सामान्यतया एउटा रेसवेको आकार १० मिटर लम्बाइ र १.५ मिटर चौडाइ हुने।

नेपाल कानून आयोग

# अनुसूची-६

(नियम १६ को उपनियम (७) सँग सम्बन्धित)

## किसान परिचयपत्रको ढाँचा

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

........महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका

............प्रदेश, नेपाल

किसान परिचयपत्र

फोटो

परिचयपत्र नम्बरः

किसानको नाम, थरः

जन्म मितिः साल······महिना ···गते लिङ्गः पुरुष/स्त्री/अन्य

परिवार सङ्ख्या: ······

नागरिकता प्रमाणपत्र नम्बरः ······जारी जिल्लाः······

ठेगानाः ····प्रदेश ······जिल्ला

····गा·पा./न·पा./उ·म·न·पा./म·न·पा.,वडा नं.··· गाउँ/टोलः····

परिचयपत्रको अवधिः ..............देखि ................सम्म

किसानको प्रकार र सम्बन्धित क्षेत्र:

प्रकार ..................................क्षेत्र ..............................

| किसानको दस्तखत वा सहीछापः | परिचयपत्र जारी गर्ने अधिकारीको<br>नाम थरः······<br>दस्तखतः······<br>पदः······ मिति······ |
|---|---|

| जारी मिति | बहाल रहने मिति | प्रमाणित गर्ने अधिकारीको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**द्रष्टव्य:** प्रमाणित गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप फोटोमा समेत पर्ने गरी लागेको हुनु पर्नेछ।



नेपाल कानून आयोग

# खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति

२०७५।६।२

संवत् २०७५ सालको ऐन नम्बर १३

**खाद्य तथा खाद्य सम्प्रभुताको अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आधारभूत खाद्य" भन्नाले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको खाद्य पदार्थ सम्झनु पर्छ।

(ख) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

(ग) "कृषि योग्य भूमि" भन्नाले कृषिको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यमा उपयोगको लागि निर्धारण गरिएको भूमिलाई सम्झनु पर्छ।



नेपाल कानून आयोग

(घ) "खाद्य" भन्नाले जैविक स्रोतबाट प्राप्त सांस्कृतिक रूपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँछ।

(ङ) "खाद्य सम्प्रभुता" भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकार सम्झनु पर्छः-

(१) खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,

(२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्बन्धित कुनै पनि व्यवसाय रोज्ने,

(३) कृषि योग्य भूमि, श्रम, बीउ विजन, प्रविधि, औजारको छनौट गर्ने,

(४) कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने।

(च) "खाद्य सुरक्षा" भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनु पर्छ।

(छ) "तोकिएको' वा "तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "परिषद्" भन्नाले दफा ३२ बमोजिमको राष्ट्रिय खाद्य परिषद् सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ञ) "लक्षित घर परिवार" भन्नाले दफा ५ बमोजिम पहिचान भएका घर परिवार सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## खाद्य अधिकार तथा खाद्य असुरक्षाबाट संरक्षण

३. **खाद्य सम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्तिः** (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउने छ।

(३) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी प्रत्येक नागरिकलाई देहायको खाद्य सम्बन्धी अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुनेछः–

(क) विना भेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने,

(ख) भोकबाट मुक्त हुने,

(ग) खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,

(घ) भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यमा दीगो पहुँच र पोषण सहायता प्राप्त गर्ने,

(ङ) सांस्कृतिक रूपमा स्वीकार्य खाद्य उपयोग गर्ने।

४. **<u>भोकमरीको रोकथाम र नियन्त्रणः</u>** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले भोकमरीको रोकथाम र त्यसको नियन्त्रणको लागि पारस्परिक समन्वयमा प्राथमिकीकरणको आधारमा देहायका काम गर्नेछः-

(क) भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको नियमित रूपमा पहिचान गर्ने र त्यसको अभिलेख राख्ने,

(ख) भोकमरी वा भोकमरीको जोखिम नियन्त्रणका लागि आवश्यक पर्ने खाद्यको सञ्चितिको व्यवस्था गर्ने,

(ग) भोकमरी वा भोकमरीको जोखिम नियन्त्रणको लागि खाद्य वितरणको व्यवस्था गर्ने,

(घ) भोकमरी रोकथाम तथा नियन्त्रणको लागि तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन उपायहरूको अवलम्वन गर्ने।

५. **<u>लक्षित घर परिवारको पहिचानः</u>** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको गरिबी, भौगोलिक विकटता, विपद् वा त्यस्तै अन्य कुनै कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको तोकिए बमोजिम पहिचान गरी त्यसको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको विवरण दफा ३४ बमोजिमको प्रदेश खाद्य परिषद् र मन्त्रालयमा समेत अभिलेखको लागि पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेखमा खाद्य असुरक्षाको जोखिममा नरहेका घर परिवारको विवरण समेत समावेश भएको पाइएमा वा अभिलेखमा परेको घर परिवार कुनै कारणबाट लक्षित घर परिवारमा नपर्ने भएमा जुनसुकै अवस्थामा स्थानीय तहले त्यस्तो परिवारको विवरण अभिलेखबाट हटाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा प्रत्येक प्रदेशले आफ्नो प्रदेशभित्रका र मन्त्रालयले नेपालभरका खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(५) यस दफा बमोजिमको अभिलेख स्थानीय तहले समय समयमा अद्यावधिक गर्नु पर्नेछ र त्यसको जानकारी प्रदेश खाद्य परिषद् र नेपाल सरकारलाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिमको अभिलेख विद्युतीय माध्यमबाट समेत राख्ने गरी नेपाल सरकारले आवश्यक प्रणालीको विकास गर्न सक्नेछ।

(७) लक्षित घर परिवारको पहिचानका अन्य आधार तथा प्रकृया तोकिए बमोजिम हुनेछ।

६. **<u>खाद्य सहायता परिचयपत्रः</u>** (१) स्थानीय तहले लक्षित घर परिवारको अद्यावधिक विवरणको आधारमा तोकिएको ढाँचामा खाद्य सहायता परिचयपत्र जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र जारी गर्दा लक्षित घर परिवारमा अठार वर्ष उमेर पूरा भएको महिला सदस्य भएमा त्यस्ता सदस्यमध्ये ज्येष्ठ सदस्यको नाममा र अठार वर्ष उमेर पूरा भएको महिला सदस्य नभएमा परिवारको अन्य सदस्यमध्ये जेष्ठ सदस्यको नाममा तोकिए बमोजिम खाद्य सहायता परिचयपत्र जारी गर्नु पर्नेछ।

तर लक्षित घर परिवारमा अठार वर्ष उमेर पुगेका कुनै पनि सदस्य नभएको अवस्थामा यस उपदफामा लेखिएको कुराले त्यस्तो परिवारका उमेर नपुगेका सदस्यको नाममा खाद्य सहायता परिचयपत्र जारी गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) बमोजिम अन्य सदस्यको नाममा परिचयपत्र जारी गरिएको रहेछ भने महिला सदस्यको उमेर अठार वर्ष पुगेपछि त्यस्तो सदस्यको नाममा जारी गरिएको परिचयपत्र खारेज गरी महिला सदस्यको नाममा परिचयपत्र जारी गर्नु पर्नेछ।

७. **<u>निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलब्ध गराउने</u>:** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले लक्षित घर परिवारलाई सहुलियत मूल्यमा र खास प्रकृतिका लक्षित घर परिवारलाई तोकिए बमोजिम निःशुल्क खाद्य सहायता उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्रमा वा कुनै स्थानीय तहमा कुनै किसिमको विपद् उत्पन्न भई नेपाल सरकारले विपद्ग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा त्यस्तो अवस्था कायम रहेको अवधिभर र खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा त्यस्तो सङ्कट कायम रहेको अवधिभर त्यस्तो क्षेत्रमा रहेका व्यक्ति तथा परिवारलाई तोकिए बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलब्ध गराउनु पर्नेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले उपदफा (१) वा (२) बमोजिम निःशुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता उपलब्ध गराउँदा स्थानीय तह मार्फत् वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले यस दफा बमोजिम प्रदान गर्ने निःशुल्क वा सहुलियत खाद्य सहायता तोकिएको क्षेत्रका व्यक्ति वा परिवारको तत्कालको आवश्यकता, भौगोलिक अवस्था, खाद्यको उपलब्धता तथा परम्परागत वा सांस्कृतिक रूपमा स्वीकार्यता समेतको आधारमा त्यस्तो खाद्य सहायताको स्वरूप तथा परिमाणलाई समय समयमा पुनरावलोकन गर्न सक्नेछ।

८. **<u>खाद्यको पोषण तत्त्वको मापदण्ड तोक्ने</u>:** दफा ७ बमोजिम खाद्य सहायता प्रदान गर्ने प्रयोजनका लागि आवश्यक पर्ने खाद्यको पोषण तत्त्वको मापदण्ड तोकिए बमोजिम हुनेछ।

९. **<u>आपतकालीन खाद्य तथा पोषण सुरक्षा</u>:** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा खाद्य तथा पोषण सुरक्षामा कुनै कारणले पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न तथा आपतकालीन अवस्थामा यथाशीघ्र खाद्य उपलब्ध गराउन आवश्यक उपाय अवलम्बन गर्नेछ।

**<u>स्पष्टीकरण</u>:** यस दफाको प्रयोजनको लागि "आपतकालीन अवस्था" भन्नाले नेपाल सरकारले कुनै क्षेत्रमा भूकम्प, बाढी, पहिरो, हिमपात, शितलहर वा आगलागी जस्ता विपद् परी आपतकालीन अवस्था भनी घोषणा गरेको अवधि सम्झनु पर्छ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा आफ्नो खाद्य भण्डारण सुविधाको विस्तार तथा आधुनिकीकरण गरी जुनसुकै परिस्थितिमा पोषणको आवश्यकता पूरा गर्न चाहिने खाद्य सञ्चित गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम आपत्कालीन खाद्य तथा पोषण सहायता उपलब्ध गराउने कार्यको संयोजन तोकिएको निकायले गर्नेछ।

(४) नेपाल सरकारले आपतकालीन अवस्थामा खाद्य तथा पोषण सुरक्षाको स्थितिलाई सुदृढ गर्न आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्न सक्नेछ।

१०. **खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने:** (१) नेपाल सरकारले भूकम्प, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, आगलागी, महामारी, भोकमरी जस्ता कारणले कुनै क्षेत्रमा खाद्य सङ्कट उत्पन्न भएमा त्यस्तो क्षेत्रलाई निश्चित अवधिका लागि खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) खाद्य सङ्कटग्रस्त क्षेत्रमा आवश्यक पर्ने खाद्य तथा पोषण सुरक्षाको प्रबन्ध सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **स्थानीय खाद्यलाई प्राथमिकता दिने:** (१) यस ऐन बमोजिम खाद्य तथा पोषणको प्रबन्ध गर्दा स्थानीयस्तरमा उत्पादन भएको परम्परागत खाद्यलाई प्राथमिकता दिई वितरण गर्नु पर्नेछ।

(२) स्थानीयस्तरमा उत्पादित परम्परागत खाद्य तथा पोषणको प्रबन्ध गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## खाद्य सम्प्रभुताको अधिकारको संरक्षण र प्रवर्द्धन

१२. **खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति:** (१) प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुनेछ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्नेगरी प्रत्येक किसानलाई देहायको खाद्य सम्प्रभुताको अधिकार हुनेछः—

(क) प्रत्येक किसान वा खाद्य उत्पादकले पहिचान र सम्मान पाउने,

(ख) खाद्य तथा कृषि उत्पादन प्रणालीमा सहभागी हुने,

(ग) कृषि कार्यका लागि आवश्यक पर्ने साधन र श्रोतमा पहुँच हुने,

(घ) स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने,

(ङ) परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने,

(च) कृषि पेशाबाट स्वेच्छाचारी रूपले वञ्चित गर्ने कार्य विरुद्ध संरक्षण प्राप्त गर्ने।

१३. **<u>कृषि पेशाको संरक्षण र किसानको जीवनस्तरको प्रवर्द्धनः</u>** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा कृषि पेशाको संरक्षण गरी किसानको जीवनस्तरको प्रवर्द्धन गर्न उपलब्ध स्रोत साधनको आधारमा देहाय बमोजिमको व्यवस्था मिलाउनेछः-

(क) कृषि तथा खाद्य उत्पादनको क्षेत्रमा लगानी अभिवृद्धि गर्ने,

(ख) खाद्य उत्पादनमा उन्नत प्रविधि, वातावरण मैत्री मल, बीउका विभिन्न प्रकार, जीवनाशक विषादि वा कृषि सामग्रीको दिगो प्रयोग तथा पहुँचलाई विस्तार गर्ने,

(ग) नगदे बाली वा निकासी योग्य बालीलाई विशेष ग्राह्यता दिने,

(घ) बीउ, बाली वा पशुपंक्षी बीमामा किसानको सरल तथा सहज पहुँचलाई विस्तार गर्ने,

(ङ) कृषि बजारमा किसानको पहुँचलाई अभिवृद्धि गर्ने,

(च) जैविक खेतीका लागि आवश्यक पर्ने पूर्वाधारमा किसानको पहुँचलाई विस्तार गर्ने,

(छ) रासायनिक, विषादीयुक्त वा आनुवांषिक अभियान्त्रिक (जेनेटिकल्ली मोडिफाइड अर्गानिज्म) खेतीबाट हुने हानिबाट संरक्षण प्रदान गर्ने,

(ज) लामो समयसम्म सञ्चय गर्न सकिने तोकिएका बालीको न्यूनतम समर्थन मूल्य तोक्ने,

(झ) अतिवृष्टि, अनावृष्टि वा खडेरी लगायत मौसमको बारेमा पूर्व सूचना दिने प्रणालीको विकास गर्ने,

(ञ) जैविक विविधतामा आधारित दीगो कृषि प्रणाली प्रवर्द्धन गर्ने,

(ट) कृषि पेशाको संरक्षण गर्न कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, आधुनिकीकरण र प्रविधीकरण गर्ने,

(ठ) महिला किसान तथा कृषिमा आधारित भूमिहीन परिवारलाई प्राथमिकताको आधारमा कृषि योग्य भूमि तथा कृषि सामग्रीमा पहुँच विस्तार गर्ने,

(ड) कृषि बाली, फलफूल तथा पशुपक्षी उत्पादनमा प्रयोग भएको जलस्रोतको त्यस्तो उत्पादनलाई प्रतिकूल हुने गरी अन्यथा उपयोग गर्न नदिने,

(ढ) कृषि उत्पादन वा कृषिबालीको हानि, नोक्सानी विरुद्ध किसानलाई तोकिएको अवस्थामा तोकिए बमोजिमको क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाउने,

(ण) लागत मूल्यमा आधारित भई कृषि उत्पादनको समर्थन मूल्य तोक्ने ।

१४. **किसानको पहिचान र सम्मानः** (१) नेपाल सरकारले किसानको तोकिए बमोजिम पहिचान गरी वर्गीकरण गर्नेछ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको वर्गीकरणको आधारमा परिचयपत्र जारी गर्नेछ।

(३) उपदफा (१) बमोजिमको वर्गीकरणको आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा प्रचलित कानून बमोजिम योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराइनेछ।

(४) परिचयपत्रको मान्य अवधि नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **कृषि योग्य भूमिको दिगो उपयोग**ः कृषि योग्य भूमिको संरक्षण तथा दिगो उपयोगको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा देहाय बमोजिमका कार्य गर्नेछन्ः–

(क) प्रचलित कानून बमोजिम पहिचान गरिएका कृषि योग्य भूमिमा बाली लगाउन प्रोत्साहन वा प्रवर्द्धन गर्ने,

(ख) कृषि योग्य भूमिको वैज्ञानिक पहिचान गरी छुट्याउने वा वर्गीकरण गर्ने,

(ग) कृषि योग्य भूमिलाई बाँझो राख्न तथा भूमिको उपयोगको सम्बन्धमा प्रचलित कानून बमोजिम तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनको लागि उपयोग गर्न वा गराउन नदिने,

(घ) कृषि योग्य भूमिको खण्डीकरण गर्न नदिने,

(ङ) विकास निर्माणका कार्य गर्दा दफा २१ बमोजिमको राष्ट्रिय खाद्य योजना प्रतिकूल नहुने गरी सञ्चालन गर्ने,

(च) कृषि योग्य भूमिको उपयोगको बारेमा सचेतना अभिवृद्धि गर्ने,

(छ) कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमिमा मनासिब कारणविना खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोग कटौती गर्ने,

(ज) सहकारी खेती, कबुलियती खेती, करार खेती वा सामूहिक खेतीलाई प्रवर्द्धन गरी बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था गर्ने।

१६. **<u>स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रवर्द्धनः</u>** स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रवर्द्धन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले देहाय बमोजिमका उपाय अवलम्बन गर्नेछन्:-

(क) स्थानीय कृषि तथा पशुजन्य उत्पादन तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने,

(ख) स्थानीय कृषि तथा पशुजन्य उत्पादनमा उपभोक्ताको सहज पहुँच सुनिश्चित गर्ने,

(ग) कृषि बजार, कृषि फर्म वा खेतबारीबाट नै किसानले उपभोक्तालाई आफ्नो उत्पादन बिक्री गर्न सक्ने वातावरणको सृजना गर्ने,

(घ) परम्परागत कृषि बजार तथा हाटबजारको प्रवर्द्धन गर्ने,

(ङ) कृषि उत्पादनसँग सम्बन्धित स्थानीय ज्ञान तथा परम्परागत खाद्य संस्कृतिको संरक्षण गर्ने,

(च) स्थानीयस्तरमा उत्पादित खाद्यको उपयोग गरी कृषि पर्यटन प्रवर्द्धन गर्ने।

नेपाल कानून आयोग

१७. **कृषि योग्य भूमिको दिगो व्यवस्थापनको जिम्मेवारी**: (१) सङ्घीय र प्रदेश कानूनको अधीनमा रही कृषि योग्य भूमिको दिगो व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पूरा गर्न स्थानीय तहले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) कृषि योग्य भूमिको लगत तयार गर्ने,

(ख) स्थानीयस्तरमा रहेका बाँझो जग्गा तथा अन्य जग्गाको पहिचान गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम पहिचान गरिएका भूमिको अभिलेख राख्ने,

(घ) भूमि सम्बन्धी अभिलेख अद्यावधिक गर्ने,

(ङ) बाँझो भूमिको प्रभावकारी व्यवस्थापन गर्न अन्य आवश्यक काम गर्ने वा गराउने।

१८. **लक्षित कृषि विकास कार्यक्रम सञ्चालन**: (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित, लोपोन्मुख, आदिवासी किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **जलवायु परिवर्तनबाट हुन सक्ने असरको न्यूनीकरण**: नेपाल सरकारले जलवायु परिवर्तनबाट खाद्य उत्पादनमा पर्न सक्ने प्रतिकूल प्रभाव वा त्यसबाट हुने जोखिम न्यूनीकरणका लागि निवारणात्मक उपायहरू अपनाउन आवश्यक व्यवस्था गर्नेछ।

२०. **क्षतिपूर्ति दिनु पर्ने**: (१) कुनै सरकारी संस्था, निकाय, कम्पनी वा फर्मले सिफारिस गरेको बीउ, विजन सिफारिस गरेको क्षेत्र र समयमा सिफारिस गरेको विधि, प्रक्रिया वा तरिका बमोजिम गरेको खेती वा त्यस्तो संस्था, निकाय, कम्पनी वा फर्मबाट सिफारिस गरिएको बीउ, विजन, विधि, प्रकृया वा मल सिफारिस गरिएको तरिका बमोजिम प्रयोग गरेको अवस्थामा कसैको वाली उत्पादन हुन नसकेमा वा सारभूत रुपमा बाली उत्पादनमा कमी आएमा त्यस्तो बीउ, विजन, विधि, प्रकृया वा मल सिफारिस गर्ने संस्था, निकाय, कम्पनी वा फर्मले क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## खाद्य अधिकारको कार्यान्वयन

२१. **राष्ट्रिय खाद्य योजनाः** (१) नेपाल सरकारले खाद्यसँग सम्बन्धित सङ्घ, प्रदेश र स्थानीय तहका निकायसँग समन्वय गरी राष्ट्रिय खाद्य योजना तर्जुमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम समन्वय गर्दा आवश्यकता अनुसार अन्य सरकारी, गैरसरकारी वा निजीस्तरका निकाय वा संस्थासँग परामर्श गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय खाद्य योजनामा समावेश गर्नु पर्ने विषय तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम राष्ट्रिय खाद्य योजना तर्जुमा गर्दा खाद्य अधिकारको कार्यान्वयनमा भएको प्रगति मापन तथा अनुगमनका सूचकाङ्कलाई आधार मान्नु पर्नेछ।

(५) नेपाल सरकारले खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभूता अधिकारको प्रवर्द्धनका विषयलाई आवधिक विकास योजनामा समावेश गर्नु पर्नेछ।

२२. **खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालनः** स्थानीय तहले प्रत्येक वर्ष खाद्य तथा पोषण सुरक्षाका लागि तोकिए बमोजिमका आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ।

२३. **खाद्य अधिकार अनुगमनका सूचकाङ्कः** (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनलाई अनुगमन गर्न परिषद् तथा अन्य सम्बद्ध निकायसँग परामर्श गरी खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अधिकारको अनुगमन सूचकाङ्क तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारको अनुगमन सूचकाङ्क सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

२४. **खाद्य तथा पोषण शिक्षा र सूचनाः** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले समय समयमा खाद्य अधिकारसँग सम्बन्धित सूचना तथा शिक्षामूलक जानकारी प्रवाह गर्नु पर्नेछ।

२५. **अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास**: नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कृषिको दिगो विकास, खाद्य उत्पादनको अभिवृद्धि वा खाद्य तथा पोषण सुरक्षाको प्रवर्द्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासको लागि आवश्यक व्यवस्था मिलाउनेछ।

## परिच्छेद-५

## खाद्यको उपलब्धता, आपूर्ति तथा वितरण प्रणाली

२६. **खाद्यको भण्डारण तथा सञ्चिति व्यवस्था**: नेपाल सरकार तथा प्रदेश सरकारले दफा ७, ९ वा १० को प्रयोजनका लागि खाद्य उपलब्ध गराउन तथा सङ्कटको समयमा खाद्यको आवश्यकता पूरा गर्न तोकिए बमोजिम खाद्य सञ्चितिको व्यवस्था गर्नु पर्नेछ।

२७. **खाद्य खरिद**: (१) दफा २६ बमोजिम भण्डारण तथा सञ्चित गर्नको लागि आवश्यक हुने खाद्य आन्तरिक रूपमा खरिद गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक खरिदबाट पर्याप्त खाद्य उपलब्ध हुन नसक्ने अवस्था भएमा पैठारी गर्न सकिनेछ।

२८. **खाद्यको ढुवानी तथा वितरण:** नेपाल सरकार तथा प्रदेश सरकारले दफा २६ बमोजिम सञ्चित तथा भण्डारण गरेको खाद्य वितरण प्रकृया तोकिए बमोजिम हुनेछ।

२९. **आधारभूत खाद्यको मूल्य स्थिरता**: आधारभूत खाद्यको मूल्यमा स्थिरता कायम गर्ने जिम्मेवारी नेपाल सरकारको हुनेछ।

३०. **खाद्य वितरणको व्यवस्था**: (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकिए बमोजिम सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र मार्फत खाद्य वितरणको व्यवस्था मिलाउने छ।

(२) उपदफा (१) बमोजिम सुपथ मूल्यका पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र सञ्चालन गर्दा महिला समूह वा कृषि सहकारीलाई विशेष प्राथमिकता दिन सकिनेछ।

३१. **विवरण सार्वजनिक गर्ने**: (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले यस परिच्छेद बमोजिम वितरण हुने खाद्यको सम्बन्धमा देहायका विवरणहरू तयार गरी अद्यावधिक गर्नु पर्नेछः-

(क) खाद्य सञ्चित अवस्था,

(ख) सञ्चित खाद्यको परिमाण,

(ग) खाद्यको मूल्य,

(घ) खाद्यको वितरण प्रणाली र

(ङ) खाद्यको किसिम।

(२) उपदफा (१) बमोजिमको विवरण सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद-६

## राष्ट्रिय खाद्य परिषद, प्रदेश खाद्य परिषद् तथा स्थानीय खाद्य समन्वय समिति

३२. **राष्ट्रिय खाद्य परिषद्को गठनः** (१) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति गर्ने कार्यलाई व्यवस्थित गर्न कृषि सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रीको अध्यक्षतामा तोकिए बमोजिम एक राष्ट्रिय खाद्य परिषद् गठन हुनेछ।

(२) परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३३. **अनुगमन तथा सुपरीवेक्षणः** (१) खाद्यको उपलब्धता, सञ्चिति, आपूर्ति तथा वितरण प्रणालीको सञ्चालनको नियमित रूपमा अनुगमन र सुपरीवेक्षण गर्नका लागि परिषद्ले तोकिए बमोजिम उपसमिति गठन गर्न वा निरीक्षण अधिकृतलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन वा निरीक्षण गर्ने उपसमिति वा अधिकृतले अनुगमन वा निरीक्षण गरी त्यसको प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ।

३४. **प्रदेश खाद्य परिषद् सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिमको अधिकार प्रदेशस्तरमा संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति गर्न प्रत्येक प्रदेशमा कृषि विषय हेर्ने मन्त्रीको अध्यक्षतामा एक प्रदेश खाद्य परिषद् गठन हुनेछ।

(२) प्रदेश खाद्य परिषद् सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

३५. **प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकारः** प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकार प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

३६. **स्थानीय खाद्य समन्वय समितिः** (१) स्थानीय तहमा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको संरक्षण एवं सम्वर्द्धन गर्ने काम समेतको लागि तथा स्थानीयस्तरमा खाद्य आपूर्ति तथा वितरण प्रणालीलाई सहज बनाउन नगरपालिकाको प्रमुख वा गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय तहमा एक खाद्य समन्वय समिति गठन हुनेछ।

(२) स्थानीय खाद्य समन्वय समितिको सचिवालय सम्बन्धित नगरपालिका वा गाउँपालिकामा रहनेछ।

(३) स्थानीय खाद्य समन्वय समितिको गठन, काम, कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

३७. **उपसमिति वा कार्यदल वा विज्ञ समूह गठन गर्न सक्नेः** (१) परिषद् वा प्रदेश खाद्य परिषद्ले आफ्नो कार्य सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल वा विज्ञ समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमिति, कार्यदल वा विज्ञ समूहको कार्य क्षेत्रगत शर्त (टमर्स अफ रिफरेन्स) तथा कार्याविधि गठन गर्दाका बखत परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

३८. **अधिकार प्रत्यायोजनः** परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपसमिति वा परिषद्को अन्य कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३९. **कर्मचारी सम्बन्धी व्यवस्थाः** परिषद्को काम सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

## परिच्छेद-७

## कसूर तथा सजाय

४०. **कसूरजन्य कार्यः** कसैले देहाय बमोजिमको काम गरेमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ :-

(क) कसैलाई अत्यावश्यक खाद्यको पहुँचबाट वञ्चित गरी गम्भीर हानि पुऱ्याउने वा भोकमरीको स्थिति सिर्जना गर्ने कुनै काम गरेमा,

(ख) आपत्कालीन सहायताको प्रयोजनका लागि सञ्चित तथा सङ्कलित खाद्य वस्तुलाई कब्जा गर्ने वा नष्ट गर्ने वा दुरूपयोग गर्ने कार्य गरेमा,

(ग) आपत्कालीन खाद्य सहायता वितरणमा अवरोध सिर्जना गरेमा,

(घ) आधारभूत खाद्यवस्तुको ढुवानी, आपूर्ति, वितरण तथा बजारीकरणमा सङ्गठित वा असङ्गठित रूपले बाधा सिर्जना गरेमा,

(ङ) जीविकोपार्जनको आधारबाट बिमुख पार्ने गरी बासस्थान विहीन बनाएमा,

(च) दफा ७ बमोजिम वितरण गर्नु पर्ने खाद्य लक्षित वर्ग वा पिछडिएको वर्गलाई वितरण नगरेमा,

(छ) यस ऐन वा यस ऐन बमोजिम बनेको नियम विपरीतका अन्य कुनै कार्य गरेमा।

४१. **मुद्दाको अनुसन्धान र दायरी**ः (१) यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान दफा ४४ बमोजिमको निरीक्षण अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण अधिकृतले मुद्दाको अनुसन्धान गर्दा उजूरी प्राप्त भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मुद्दा दायर गर्दा निरीक्षण अधिकृतले सरकारी वकीलको राय लिनु पर्नेछ।

४२. **सजाय**ः कसैले दफा ४० बमोजिमको कसूर गरेमा कसूरको गम्भीरताको आधारमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा वा गराएमा दश वर्षसम्म कैद र दश लाख रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख), (ग) वा (घ) बमोजिमको कसूर गरेमा वा गराएमा तीन वर्षसम्म कैद र तीन लाख रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ङ) बमोजिमको कसूर गरेमा पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (च) र (छ) बमोजिमको कसूर गरेमा एक वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना।

४३. **क्षतिपूर्ति**: (१) यस ऐन अन्तर्गतको कुनै कसूर गरेको कारणबाट कसैलाई कुनै प्रकारको हानि, नोक्सानी हुन गएमा त्यस्तो हानि, नोक्सानीको क्षतिपूर्ति भराई पाउन मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८
## विविध

४४. **निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने**: (१) यस ऐनको प्रभावकारी कार्यान्वयन गर्न तथा खाद्य सम्बन्धी विषयको अनुगमन गर्न मन्त्रालयले आवश्यकता अनुसार तोकिए बमोजिम योग्यता पुगेको कर्मचारीलाई निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण अधिकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **नेपाल सरकारसँग सम्पर्क**: परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४६. **नियम बनाउने अधिकार**: यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४७. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने**: (१) मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि वा निर्देशिका सार्वजनिक गर्नु पर्नेछ।